# विषयसूची


विषयसूची ........ 1

कार्यकारी सारांश........ 3

परिचयः ........ 3

सकारात्मक पक्षहरू........ 8

कारागार एवं हिरासत कक्षका समस्याहरू........ 8

परिच्छेदः एक........ 12

प्रारम्भिक ........ 12

परिच्छेदः दुई........ 14

थुनुवा र कैदीका अधिकार सम्बन्धी कानूनी व्यवस्था........ 14

परिच्छेदः तीन........ 31

तथ्याङ्क संकलन तथा विश्लेषण ........ 31

आर्थिक वर्ष २०७४/७५ मा हिरासत तथा कारागार अनुगमन गरिएका जिल्लाहरु र अनुगमन गर्ने अधिकारीहरुको विवरण ........ 31

३.२ संकलित तथ्याङ्क तथा विश्लेषणः ........ 33

(ग) कारागार र हिरासतको अवस्थाको तुलनात्मक अध्ययनः........ 78

परिच्छेदः चार........ 82

निष्कर्ष तथा सुझावहरु ........ 82

४.१ सकारात्मक पक्षहरू........ 82

४.२ कारागार एवं हिरासत कक्षका समस्याहरू........ 82

४.३ सुझावहरु ........ 83

४.४. निष्कर्ष ........ 89

अननुसूची -२ ........ 99

२०७५।०३।२१ मा भएको छलफलका सहभागीहरुको नामावली ........ 99

अनुसुची-३ ........ 102


Office of the Attorney General, Nepal

महान्यायाधिवक्ताको कार्यालयबाट जारी निर्देशन ........ 102
अनुसूची - ४ ........ 104
कारागार तथा हिरासत अनुगमन सूचक ........ 104

Office of the Attorney General, Nepal

# कार्यकारी सारांश

**परिचयः**

नेपालको संविधानको अधिनमा रही हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनवाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार महान्यायाधिवक्तामा रहेको छ । त्यसैगरी सरकारी वकिल सम्बन्धी नियमावलीले कारागारमा रहेका कैदीको मानव अधिकारको अवस्थावारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकार महान्यायाधिवक्तालाई रहेको पाइन्छ । उल्लिखित अधिकार महान्यायाधिवक्ताले तोकेको शर्तको अधिनमा रही जिल्लाको हकमा सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता र निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने कर्मचारीले प्रयोग र पालना गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

महान्यायाधिवक्ताबाट आफुमा निहित उक्त अधिकारको प्रयोग मातहतका अधिकृतहरूलाई प्रत्यायोजन भए अनुसार नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता लगायतका कर्मचारीहरूलाई खटाई कारागार र हिरासतहरू अनुगमन गर्ने कार्य हुने गरेको छ । नेपाल सरकारको विनियोजित बजेट अनुसार वार्षिक कार्यक्रम बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट हिरासत र कारागारको अनुगमन गर्न चालु आ.ब. २०७४/७५ मा १४ वटा टोलीलाई ३३ जिल्लामा खटाइएको थियो । अपराध अनुसन्धानको सिलसिलामा प्रहरी हिरासत तथा जिल्ला वन कार्यालय, राष्ट्रिय निकुन्जका हिरासत र मुद्दा पुर्पक्ष तथा फैसला बमोजिम लागेको कैद भुक्तानीका लागि कारागार तथा बाल सुधारगृहमा रहेका थुनुवा र वन्दीहरूले प्राप्त गरेका सुविधा, हिरासत र कारागारको अवस्था, थुनुवा र कैदीहरूका मानव अधिकारको उपयोगको अवस्था, मानव अधिकारको उपयोगको क्रममा देखिएका व्यवहारिक समस्या समेतको विवरण प्राप्त गर्ने गरी अनुगमन गरिएको थियो ।

आ.ब. २०७४/७५ मा हिरासत र कारागारको अनुगमनको एकीकृत प्रतिवेदनको तयार गर्दा कैदी र थुनुवाहरूको अधिकारका सम्बन्धमा व्यवस्था भएका विभिन्न अन्तर्राष्ट्रिय कानूनी व्यवस्था तथा राष्ट्रिय व्यवस्था, हिरासत तथा कारागार अनुगमन सम्बन्धी महान्यायाधिवक्ताको कार्यालयबाट जारी निर्देशिका, सूचना, परिपत्र, महान्यायाधिवक्ताको कार्यालयबाट चालु आ.ब. २०७४/७५ मा हिरासत र कारागारको अनुगमन गर्न खटाइएको टोलीहरूले ३३ जिल्लामा अनुगमन गरी प्राप्त भएको प्रतिवेदन समेतको आधार लिएको छ ।

Office of the Attorney General, Nepal

## थुनुवा तथा कैदी बन्दीका अधिकार सम्बन्धी कानूनी व्यवस्था

हरेक थुनुवा, कैदी बन्दीलाई मानव मूल्य र मर्यादाअनुसार आदरपूर्वक व्यवहार गरिने, लिङ्ग, जातजाति, भाषा धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव नगरिने, उनीहरूको समुदायका धार्मिक आस्था वा सांस्कृतिक आचरणको सम्मान गर्नुपर्ने जस्ता व्यवस्थाहरू संयुक्त राष्ट्र संघको महासभाद्वारा घोषित थुनुवाप्रति गरिनुपर्ने ब्यवहारका आधारभूत सिद्धान्तहरू, १९९० मा गरिएका छन्। कुनै पनि व्यक्तिलाई शाररीक यातना नदिईने, क्रुर र अपमानजनक व्यवहार वा सजाय नगरिने, कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देश निकालाको भागिदार नबनाईने लगायतका व्यवस्थाहरू संयुक्त राष्ट्र संघीय मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएको छ ।

कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना दिनु पर्ने, पक्राउ परेका व्यक्ति आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह गर्ने हक हुने, थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने तथा निजसँग निर्मम, अपमानजनक र अमानवीय व्यवहार नगरिने जस्ता व्यवस्थाहरू नेपालको संविधानमा रहेका छन् । यसैगरी नागरिक अधिकार ऐन, २०१२, प्रहरी ऐन, २०१२ , कारागार ऐन, २०१९, कारागार नियमावली, २०२०, मुलुकी ऐन, अदालती बन्दोवस्तको महल र दण्ड सजायको महल, बालबालिका सम्बन्धी ऐन, २०४८, बालबालिका सम्बन्धी नियमावली,२०५१, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, यातना सम्बन्धी क्षतिपूर्ति ऐन,२०५३, जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, सरकारी वकील सम्बन्धी नियमावली, २०५५ लगायतका कानूनहरूमा कैदी/बन्दीहरूलाई गरिनु पर्ने न्यूनतम मानवोचित व्यवहारका सम्बन्धमा व्यवस्था रहेका छन् । सर्वोच्च अदालतबाट विभिन्न समयमा भएका आदेश तथा निर्देशनहरूले समेत कैदी/बन्दीहरूप्रति मानवोचित व्यवहार गर्नु पर्ने कुराको प्रत्याभूति तथा मानव अधिकारको संरक्षण गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

### तथ्याङ्क विश्लेषण

कारागार तर्फ अनुगमन गरिएका ३३ जिल्लाका ३१ वटा कारागारहरूको भौतिक अवस्था अन्तर्गत कारागार कक्षको आकार, क्षमता, संख्या, हावा प्रवेशको अवस्था, पानी चुहिने नचुहिने छतको अवस्था, महिला, पुरुष, बालबालिका साथमा रहे नरहेका, कारागारमा चर्पी, नुहाउने, लुगा धुने स्थान, सरसफाई एवं सुरक्षा व्यवस्था जस्ता कुराहरूलाई निर्धारित **checklist** अनुसार अनुगमन गरिएको देखिन्छ । अनुगमन गरिएका ३१ वटा कारागारहरूमा कैदी थुनुवाको संख्या ७९०९ जना रहेको देखिन्छ र ती कारागारहरूको जम्मा क्षमता ४३०८ रहेकोमा क्षमताभन्दा करीब दुई गुणा बढी कैदी थुनुवाहरू रहेको देखियो । कारागारमा रहेका कूल कैदी र थुनुवामा ७४०९ जना पुरुष, ४६४ जना महिला रहेकोमा कैदी र थुनुवाका आश्रित रहेका नाबालक संख्या ३६ जना रहेको देखिन्छ । कञ्चनपुर र रुपन्देही लगायतका जिल्लाहरूमा क्षमता भन्दा बढी कैदी र थुनुवाहरू रहेको पाइयो भने मुस्ताङ र अर्घाखाची लगायतका जिल्लाहरूमा क्षमता भन्दा कम कैदी र थुनुवाहरू रहेको पाइयो । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र बारामा कारागार कार्यालयहरू नभएको र मुगु जिल्लामा नयाँ भवन र बाके जिल्लामा खुल्ला कारागार बन्दै गरेको पाइयो । त्यस्तै काठमाण्डौ जिल्लामा रहेको केन्द्रिय कारागार

जगन्नाथदेवलको समेत अनुगमन गरिएको थियो । साथै केन्द्रिय कारागार जगन्नाथदेवलको अनुगमन प्रतिवेदन छुट्टै उल्लेख गरिएको छ।

हिरासत तर्फ अनुगमन गरिएका ३३ जिल्लाका ४० प्रहरी कार्यालय, जिल्ला वन कार्यालय, बारा र चितवन राष्ट्रिय निकुन्ज, कसराको गरी जम्मा ४२ हिरासत कक्षको अनुगमन गरी प्रतिवेदन प्राप्त भएको पाईन्छ। अपराध अनुसन्धानको सिलसिलामा पक्राउ परेका शंकित व्यक्तिहरूलाई राखिने हिरासत कक्षमा अनुगमन मितिमा जम्मा ७४२ जना थुनुवाहरू रहेको देखिन्छ ।हिरासतमा रहेका कूल थुनुवामा ६९६ जना पुरुष र ३८ जना महिला रहेकोमा थुनुवाका आश्रित रहेका नाबालकको संख्या ८ जना रहेको देखिन्छ । अनुगमन गरिएका प्रहरीका ४० हिरासत मध्ये २ वटा हिरासत कक्ष, वन कार्यालय बाराको हिरासत कक्ष र चितवन राष्ट्रिय निकुन्ज, हिरासत कक्षमा थुनुवाहरू रहेको देखिदैन । हिरासत कक्षको अन्य भौतिक अवस्थालाई हेर्दा विभिन्न आकारका कक्षहरू रहेका अधिकांशमा घाम, हावा र प्रकाशको स्थिति सामान्य रहेको र धेरैमा भ्यान्टिलेशन जस्ता साना झ्याल रहेको पाइएको छ । धनकुटा जिल्ला स्थित् हिरासत कक्षमा रहेको समेत सुरक्षाको दृष्टि देखाइ खोल्न नमिल्ने गरी बन्द गरिएकोमा उक्त झ्याल पूर्वत रुपमा खोली प्रयोग गर्ने र सुरक्षाको प्रवन्ध गर्न निर्देशन दिइएको छ । धेरैजसो हिरासतमा चर्पी र नुहाउने कक्ष अपर्याप्त रहेको देखिन्छ । अधिकांश हिरासतहरूको सरसफाईको अवस्था सामान्य रहेको तथा सबै हिरासतहरूमा सुरक्षा व्यवस्था ठिकै रहेको देखिन्छ ।

**यस वर्ष निरीक्षण भएका जिल्लाहरू**

तनहुँ र कास्की; गुल्मी, अर्घाखाँची, कपिलबस्तु; कन्चनपुर कैलाली, डडेल्धुरा र बाँके; रसुवा र नुवाकोट; नवलपरासी (पुर्व), नवलपरासी (पश्चिम), रुपन्देही, कपिलवस्तु र अघाखाँची; मकवानपुर, बारा, पर्सा र चितवन; सुनसरी र धनकुटा; तेह्रथुम र संखुवासभा; काठमाडौको टेकु हिरासत; स्याङ्जा र पाल्पा; बाँके खुला कारागार; खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु; लमजुङ, बाग्लुङ र मुस्ताङ र मुगु र जुम्ला । त्यस्तै काठमाण्डौ जिल्लामा रहेको केन्द्रिय कारागार जगन्नाथदेवलको समेत अनुगमन गरिएको थियो ।

## कारागार र हिरासतको अवस्थाको तुलनात्मक अध्ययनः

| तुलना सूचक आधार<br>(क) भौतिक अवस्था तर्फ | | कारागार | हिरासत |
|---|---|---|---|
| १. | अनुगमन गरिएका कारागार⁄ हिरासत | ३३ जिल्लाका २९ वटा | ३३ जिल्लाका ४० वटा |
| २. | कैदी थुनुवा नै नभएका | - | २ |
| ३. | कैद थुनामा रहेका पुरुष, महिला,आश्रित नावालक र कूल संख्या | ७४०९+४६४+३६=७९०९ | जम्मा थुनुवा संख्याः ७४२ |
| ४. | कोठाको आकार फिटमा | कुनै निश्चित आकार नभएका(फरक फरक | कुनै निश्चित आकार नभएका (फरक फरक |

Office of the Attorney General, Nepal

| | | | |
|---|---|---|---|
| | | आकारका) | आकारका) |
| ५. | कोठामा हावा, प्रकाश/घाम प्रवेशको स्थिति | अधिकांश कारागारमा पर्याप्त नरहेको | कारागारको तुलनामा झनै अपर्याप्त रहेको |
| ६. | चर्पी र नुहाउने कक्ष पर्याप्त भए/नभएको | सबै कारागारहरूमा प्रर्याप्त नभएको | सबै हिरासतहरूमापर्याप्त नभएको |
| ७. | संख्यात्मक हिसावले चर्पी र स्नान कक्षको स्थिति | कैदी थुनुवाको संख्या अनुसारअपर्याप्त | केहीमा बाहेक कक्ष वाहिर लैजानु पर्ने |
| **(ख) खाना तथा आरामको व्यवस्था** | | | |
| १. | सिधाको उपलव्धता | कारागार नियमानुसार खाद्यान्न र नगद | प्रहरी मेशको खाना खुवाउने |
| २. | खानाको पटक | २ | २ |
| ३. | महिलालाई सुत्केकी भएमा थप सुविधा | उपलव्ध देखिन्छ | उपलव्ध छ |
| ४. | आफैखानापकाईखानेव्यवस्था | छ | छैन |
| ५. | पानीको पर्याप्तता | अधिकांशमा सन्तोषजनक रहेको | भएको |
| ६. | आफै खरिद गरेर वा वाहिरवाट ल्याएर खाना पाउने व्यवस्था | छ | केहीमा मात्र रहेको |
| ७. | सुत्नको लागि पर्याप्त स्थान | धेरैमा अपर्याप्त | धेरैमा अपर्याप्त |
| ८. | सुत्नको लागि खाट, झुल विस्तारा रहे नरहेको | केहीमा खाट बिस्तारा भएको, धेरैमा झुल नभएको, केहीमा खाट नभएको | धेरैमा खाट नभएको भुईमा काठको फल्याक राखेरविस्तारा लगाएको, प्रायमा झुल नभएको |
| **(ग) स्वास्थ्य जांच र औषधोपचार** | | | |
| १. | नियमित स्वास्थ्य जांच हुने नहुने | प्राय कारागारमा दरबन्दी रिक्त रहेको | नहुने |
| २. | औषधीको उपलव्धता | सामान्य औषधी भित्रै उपलव्ध हुने | सामान्य औषधी भित्रै उपलव्ध हुने |
| ३. | गंभिर प्रकृतिका विरामी भए नभएको | नरहेका | नरहेका |
| ४. | विरामी भएमा उपचारको प्रवन्ध | नजिकको अस्पताल लगिने | नजिकको अस्पताल लगिने |
| ५. | थुनामा राख्दा र छाड्दा स्वस्थ्य जाच | थुनापूर्व मात्र हुने | थुनापूर्व मात्र हुने |

Office of the Attorney General, Nepal

| | | | |
|---|---|---|---|
| **(घ) पुस्तकालय तथा मनोरञ्जन** | | | |
| १. | पत्रिका, रेडियो टी.भी.को उपलव्धता | सामान्य भएको | अधिकांशमा नभएको |
| २. | पुस्तकालयको व्यवस्था | सामान्य भएको | अधिकांशमा नभएको |
| ३. | खेलकुद मैदान तथा व्यायामशाला | सामान्य भएको | अधिकांशमा नभएको |
| ४. | शिपमुलक काम गर्ने अवस्था | सामान्य भएको | अधिकांशमा नभएको |
| ५. | संचार सम्पर्क उपलब्ध | हुने | उपलब्ध हुने |
| ६. | औपचारिक शिक्षाको अवसर | प्रायः नरहेको | नभएको |
| **(ङ.) भेटघाटको व्यवस्था** | | | |
| १. | हेल्पडेस्क | धेरै कारागारमा अलग छ | नागरिक सहायता कक्षवाट सहयोग गरिने |
| २. | आफन्त र कानून व्यवसायीसँग भेटघाट | सुविधा रहेको | सुविधा रहेको |
| ३. | भेटधाटको अभिलेखीकरण | व्यवस्थित रहेको | व्यवस्थित रहेको |
| ४. | विदेशीको लागि कुटनैतिक भेटघाट वा दोभाषेको आवश्यकता परेमा के गरिन्छ | आवश्यक परे व्यवस्थापन गर्न सकिने | स्थानिय स्तरवाटै व्यवस्थापन गरिने |
| **(च) थुनुवा कैदी सम्वन्धी कागजात र हदको अभिलेख** | | | |
| १. | थुनामा राख्नुपूर्व पुर्जी प्राप्त हुने नहुने | हुने | हुने |
| २. | थुनामा राख्दा भित्र हत्कडी नेल वा गोल घरमा राख्ने नराख्ने | नराख्ने | नराख्ने |
| ३. | तोकिएको हद भन्दा वढी राखेको नराखेको | नराखेको | नराखेको |
| ४. | गैरजिम्मेवार भै काम गर्ने कर्मचारीलाई कारवाही गर्नु परेको छ छैन | गैरजिम्मेवारी पुर्ण काम गरेमा कारबाही गर्ने गरेको | गैरजिम्मेवारी पुर्ण काम गरेमा कारबाही गर्ने गरेको |
| ५. | पूर्व निर्देशनको पालनाको स्थिती | पालना गरेको | पालना गरेको |
| **(छ) धार्मिक तथा सामाजिक कृत्यको अवसर** | | | |
| १. | थुनामा रहदा मृत्यु भएका वन्दीको सामाजिक संस्कार हुने गरे नगरेको | घर परिवारले गर्ने | घर परिवारले गर्ने |
| २. | वन्दी आफैले धार्मीक एवं सामाजिक कृत्य गर्नु परेमा | कारागार भित्रै गर्ने | गर्न दिने गरेको |
| ३. | वन्दीहरू प्रति मानवोचित व्यवहार भएको छ छैन | छ | छ |

Office of the Attorney General, Nepal

| (ज) फरक किसिमले सक्षम व्यक्तिहरूको सम्वन्धमा | | | |
|---|---|---|---|
| १. | अपाङ्गता भएका व्यक्तिहरू छन् छैनन् | २ जना दृष्टिविहिन पुरुष सहित ४ जना | |
| २. | विशेष सहुलियत प्राप्त छ/छैन | छैन | |

**सकारात्मक पक्षहरू**

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूका सहन्यायाधिवक्ताहरूबाट हुने गरेको कारागार र हिरासत कक्षहरूको अनुगमनले कैदी र थुनुवाहरू उपर मानवोचित व्यवहार गर्न सम्बन्धित निकायहरू संवेदनशील हुन थालेको देखिएको छ। कारागार र हिरासतहरूमा कैदी र थुनुवाहरू प्रति मानवोचित व्यवहार भएको व्यहोरा स्वयं कैदी र थुनुवाहरूले व्यक्त गरेको पाईएको छ। थुना र कैदमा राख्दा पूर्जी दिएर मात्र राखिएको र कानून वमोजिम म्याद थप गरी थुना वा कैदमा राखिएको देखिन्छ।अघिल्ला अनुगमनवाट दिइएका निर्देशनहरूको केही हद सम्म पालना भएको पाइन्छ। केही कारागारहरूमा सीप विकास र आय आर्जन हुने खालका कार्यक्रम संचालनमा रहेका छन् । कारागार र हिरासतमा थुनुवा र कैदीहरूको आधारभूत स्वास्थ्य उपचारको प्रवन्ध गरिएको छ । नयाँ निर्माण भएका र हुन लागेका कारागार र हिरासतमा सुविधायुक्त भवनहरू निर्माण हुन थालेका छन् । कारागार र हिरासतहरूमा आफन्त तथा कानुन व्यवसायीहरूसँग भेटघाट गर्न सहजै दिने गरेको पाइन्छ । कारागार र हिरासतमा कैदी र थुनुवाको लागि पत्रपत्रिकाको उपलब्धता र पुस्तकालयको व्यवस्था पनि हुन थालेको देखिन्छ । उच्च अदालत, राष्ट्रिय मानव अधिकार आयोग र महान्यायाधिवक्ताको कार्यालयवाट नियमित रुपमा अनुगमन समेत हुने भएबाट कारागारहरूका कैदी तथा थुनुवाको व्यवस्थापनमा क्रमशः सुधार हुँदै गएको देखिन्छ।

**कारागार एवं हिरासत कक्षका समस्याहरू**

विगतका अनुगमन प्रतिवेदन एवम् चालु आर्थिक वर्षमा गरिएको ३३ जिल्लाको अनुगमनबाट पहिचान भएका समस्याहरूमा कारागारमा रहेका कैदी र थुनुवाहरूले पाउने दैनिक सातसय ग्राम चामल र रु ४५।- (यद्यपी चालु आ.ब.मा नेपाल सरकारले साविक रकम रू ४५।- बाट बढाइ रू ६०।- बनाएको छ) ज्यादै कम भएको र जरिवाना वापत कट्टा हुने रकम समेत कम भएकोले यसमा पुनर्विचार गर्न कैदीहरूका माग रहेको देखिन्छ। कतिपय कारागारमा सीप विकास एवं रोजगारमूलक कार्यको अवसरको अभाव रहेको, जीर्ण भौतिक अवस्था तथा धैरैजसो कारागार र हिरासतमा सुत्नको लागि खाटको व्यवस्था नभएको, कारागारहरूमा क्षमता भन्दा अत्याधिक मात्रामा थुनुवा र कैदीहरू रहेको देखिन्छ । धैरैजसो कारागारहरूमा निर्धारित दरवन्दीको कर्मचारी नै नरहेको र कतिपय स्थानमा त सहायक कर्मचारीहरुबाट कारागार संचालन भएको अवस्था छ। कतिपय कारागारमा स्वास्थ्यकर्मीको पद रिक्त रहेको तथा

Office of the Attorney General, Nepal

औषधीको उपलब्धता पर्याप्त नभएको पाईन्छ।आफन्त तथा कानुन ब्यावसायीसंग भेटघाटको लागि अलग कोठा नभएको कारणले कैदी र थुनुवाको गोपनीयता कायम हुन नसक्ने अवस्था देखिन्छ ।धेरैजसो कारागार र हिरासतमा कैदी र थुनुवाको लागि औपचारिक शिक्षा र साक्षरता कार्यक्रमको कमी रहेको देखिन्छ ।

कैदी र थुनुवालाई एकै ठाँउमा राख्ने गरिएको र कम उमेरका कैदीलाई अलग राख्नु पर्नेमा सो गरिएको पाइएन।केही कारागार र हिरासतमा कानून व्यवसायीसँग भेटघाट गर्न दिएको सम्वन्धी अभिलेख राख्ने गरेकोपाइएन। फरक किसिमका क्षमता भएका, तेस्रो लिङ्गी र जेष्ठ नागरिकको लागि हिरासत र कारागारमा विशेष प्रवन्ध भएको देखिदैन।अधिकाँश कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी भए पनि दरवन्दी पूर्ति नभएको र नियमित रुपमा कैदी र थुनुवाको स्वास्थ्य परीक्षण हुने गरेको देखिएन। केही हिरासत र कारागारमा पानीको समस्या रहेको देखिएको छ।संखुवासभामा हिरासतकक्ष र कारागार अदालत भन्दा टाढा रहेकोले मुद्दा सुनुवाईमा बन्दीलाइ अदालतमा उपस्थित गराउन समस्या रहेको पाइन्छ ।

## सुझावहरु

फौजदारी कानूनको उल्लंघन गर्ने व्यक्तिलाई कारागारमा राख्नुको उद्देश्य उसलाई सुधार गरी समाजोपयोगी नागरिकमा रुपान्तरण गरी समाजमा पुर्नस्थापना गर्नु हो । यसका लागि कारागारमा कैद भोग्दा कैदीहरुमा समाजमा पुनर्स्थापित हुनका लागि आवश्यक पर्ने योग्यता, सीप, नैतिकता र आत्मविश्वासको विकास गरिनु जरुरी हुन्छ । हाम्रो वर्तमान कारागारको व्यवस्थापन, कारागार र हिरासतको भौतिक संरचना, त्यहाँबाट प्राप्त हुने सेवा सुविधा एवम् त्यहाँ गरिएका ब्यवस्थाहरुले कैद भुक्तान गरी निस्कदा उनीहरुलाई समाजमा पुनर्स्थापित हुन सक्ने देखिंदैन। राज्यले स्रोत र साधनले धान्न सक्ने गरी कारागार र हिरासत सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन नगरेसम्म उल्लेखित समस्याको समाधान हुने देखिंदैन।

आ.व. २०७४।०७५ मा अनुगमन गरिएका कारागार र हिरासत कक्षको अवलोकन, प्राप्त विवरण एवं सरोकारवालाहरुसँगको अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा समस्या पहिचान गरी समाधानका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ । सम्वन्धित सरोकारवाला जिम्मेवार निकायहरुवाट तत्काल गर्नुपर्ने र दीर्घकालमा गर्नुपर्ने सुधार कार्यका सम्वन्धमा समन्वायत्मक रुपमा नीति तथा कार्यक्रम बनाइ लागु गरिएमा कैदी र थुनुवाको अवस्थामा सुधार हुने देखिन्छ ।

कारागार वस्तुतः त सुधार गृह नै हो त्यहा सामान्यतया अपराधिक कार्यमा संलग्न रहेको ठहर भएका मानिसहरु बस्दछन् । उनीहरुलाई कारागारमा राख्दा आफूले गरेको अपराध क्रियामा पश्चाताप गराउने हो, सुधार गर्ने हो र समाजमा पुनर्स्थापना गर्ने हो ।त्यसो गर्न कारागारमा रहदा उनीहरु माथि

Office of the Attorney General, Nepal

मानवोचित व्यवहार अपरिहार्य हुन्छ र त्यो राज्यको दायित्व समेत हो । यसका लागि हिरासत कक्ष र कारागार कक्षको सुधार गर्नुपर्ने, नयाँ मापदण्ड अनुसार भवन निर्माण गर्नुपर्ने, खानेपानी लगायतका आधारभूत वस्तुको व्यवस्था गर्नुपर्ने, कारागार तथा हिरासत कक्षको स्तरोन्नति गरि कैदी बन्दीको स्थानान्तरण गर्नुपर्ने, उर्जा तथा इन्धनको व्यवस्था गर्नुपर्ने, गुनासो सुनुवाइको उचित व्यवस्था गर्नुपर्ने,सिधा खर्चको समयानुकूल उपलब्धता हुनुपर्ने, स्वास्थ्य जाँचको व्यवस्था गरिनुपर्ने, बिरामी कैदीहरुको पृथकीकरण गरि व्यवस्थापन गरिनु पर्ने, आय आर्जनका लागि उत्पादनमूलक काम र शिक्षा तालिमको व्यवस्था गरिनुपर्ने, सवारी साधनको व्यवस्था गर्नुपर्ने, भेटघाट कक्षको र अभिलेखको व्यवस्था गर्नुपर्ने, पाठ्य सामग्रीको प्रवन्ध गर्नुपर्ने, भौतिक प्रमाण परीक्षण समयमै गर्न विधि बिज्ञान प्रयोगशाला स्थापना हुनुपर्ने, कैद छुट सम्बन्धी व्यवस्थामा पारदर्शिता कायम हुनुपर्ने, थप बालसुधार गृहको स्थापना र स्तरोन्नति हुनुपर्ने, कार्यविधि र निर्देशिकाको पुनरावलोकन गर्नुपर्ने, थुनुवा तथा कैदी उपर मैत्री व्यवहार गर्नुपर्ने, उजुरी पेटिकाको व्यवस्था र उजुरीको सुनुवाइ हुनुपर्ने, नियमितरुपमा अनुगमन गर्नु पर्ने तथा निर्देशनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरण गर्नुपर्ने सी.सी .टि .भि .व्यवस्था र सुरक्षा तथा उद्धार सम्बन्धी कार्यनिर्देशिका बनाई लागू गर्नुपर्ने सामुदायिक सेवा र खुला कारागारको अबधारणा व्यवहारमा ल्याउन यथाशीघ खुलाकारागारको निर्माण सम्पन्न गर्नुपर्ने र महिला कैदी/बन्दीको लागि प्रसुती स्याहार र शिशु स्याहारका लागि र जेष्ठ नागरिकलाई थप विशेष सुविधाको व्यवस्था गर्नुपर्ने, बिशेष प्रकृतिका मुद्दामा पक्षको पहिचान गोप्य राखिने निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि कारागार प्रशासनका जनशक्तिलाई प्रशिक्षण प्रदान गर्नुपर्ने, कैदी र बन्दीले पालना गर्नुपर्ने आचारसंहिता प्रष्ट बुझिने र देखिने स्थानमा राख्ने, संविधानद्वारा प्रत्याभूत न्याय सम्बन्धी हक र कैदी बन्दीका अधिकारको बारेमा साइनपोष्ट तयार गरी सबै कारागार तथा हिरासत कक्षमा राख्ने आवश्यक व्यवस्था गर्नुपर्ने र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयनको तयारीका लागि नीतिगत, कानूनी र संस्थागत व्यवस्था गर्नु पर्ने देखिन्छ ।

Office of the Attorney General Nepal

Office of the Attorney General, Nepal

# परिच्छेदः एक

# प्रारम्भिक

## १.१ परिचयः

हिरासतमा रहेका व्यक्तिलाई नेपालको संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनवाट रोक्न सम्वन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार महान्यायाधिवक्तामा रहेको छ।त्यसैगरी कारागारमा रहेका कैदीको मानव अधिकारको अवस्थावारे अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकार महान्यायाधिवक्तालाई सुम्पिएको छ। उल्लिखित अधिकार महान्यायाधिवक्ताले तोकेको शर्तको अधिनमा रही जिल्लाको हकमा सम्बन्धितउच्च सरकारी वकीलकार्यालयका सहन्यायाधिवक्ता र निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने कर्मचारीले प्रयोग र पालना गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

महान्यायाधिवक्ताबाट आफुमा निहित उक्त अधिकार मातहतका अधिकृतहरुलाई प्रत्यायोजन गरी यसभन्दा अघि पनि विभिन्न चरणमा नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता लगायतका कर्मचारीहरुलाई खटाई कारागार र हिरासतहरु अनुगमन गर्ने कार्य हुदै आएको छ । यसै सन्दर्भमा विगत बर्षहरुमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (**UNDP**), कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सवलीकरण कार्यक्रम **(RoLHR)** र राष्ट्र संघीय बाल विकास कोष **(UNICEF)** को सहयोग एवम् नेपाल सरकारको वार्षिक कार्यक्रम बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट हिरासत र कारागारको अनुगमन हुदै आएकोमा यस चालु आ.ब.२०७४/७५ मा नेपाल सरकारको विनियोजित बजेट अनुसार वार्षिक कार्यक्रम बमोजिम हिरासत र कारागारको अनुगमन गर्न १४ वटा टोलीलाइ ३३ जिल्लामा खटाइएको थियो । अनुगमन गर्न खटाएका पदाधिकारीहरुबाट प्राप्त प्रतिवेदनहरु र समय समयमा सरोकारवालासँग गरिएको अन्तरक्रियावाट प्राप्त पृष्ठपोषणलाई एकिकृत गरी महान्यायाधिवक्ताको कार्यालयवाट गरिएको हिरासत तथा कारागार अनुगमनको एकीकृत प्रतिवेदन नामक यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ कार्यदल गठनको उद्देश्यः

अपराध अनुसन्धानको सिलसिलामा प्रहरी हिरासत र मुद्दा पुर्पक्ष तथा फैसला बमोजिम लागेको कैद भुक्तानीका लागि कारागार तथा वालसुधार गृहमा रहेका थुनुवा र वन्दीहरुले उपभोग गरेका अधिकारहरु, तिनीहरुले प्राप्त गरेका सुविधा, हिरासत र कारागारको अवस्था, तिनमा देखिएका समस्या र गर्नुपर्ने सुधारका सम्वन्धमा सम्वन्धित निकायमा सुझाव पेश गर्न र अगामी दिनहरुमा हिरासत र कारागारको प्रभावकारी अनुगमनको लागि अपनाउनु पर्ने प्रक्रिया एवं पद्धतिका सम्बन्धमा गरिनुपर्ने व्यवस्था र सुधार सम्बन्धमा सम्बन्धित निकायहरुलाई सहयोग पुर्याउने उद्देश्यले महान्यायाधिवक्ताको कार्यालयको मिति २०७४।१०।२४ को निर्णय अनुसार सात सदस्यीय कार्यदल गठन भएको थियो । कार्यदलको सयोजकमा सहन्यायाधिवक्ता रमादेवी पराजुली र सदस्यहरुमा उपन्यायाधिवक्ता दुर्गा खड्का र शाखा

Office of the Attorney General, Nepal

अधिकृतहरु भूमिनन्द खनाल, निराजन पाण्डे, श्रीराम खनाल, बिन्दुकुमारी धामी रावल र सरिता कट्टेल रहनु भएको थियो।

यस एकिकृत प्रतिवेदनमा चालु आ.ब.२०७४/७५ मा नेपाल सरकारको विनियोजित बजेट अनुसार वार्षिक कार्यक्रम बमोजिम हिरासत र कारागारको अनुगमन गर्ने पदाधिकारीहरुबाट प्राप्त प्रतिवेदनहरुका अधारमा पाइएका विद्यमान हिरासत र कारागारहरुको भौतिक अवस्था, थुनुवा र कैदीहरुले प्राप्त गरेका मानव अधिकारको उपयोग, मानव अधिकारको उपयोगको क्रममा देखिएका व्यवहारिक समस्या समेतको चित्रण गरिएको छ । साथै हिरासत र कारागारहरुमा रहेका कैदी र थुनुवाका अवस्था सुधारका सम्बन्धमा दिइएका सुभाव बाट सुधारको पनि लागि सम्बन्धित निकायलाई निर्देशित गर्ने सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

## १.३ प्रतिवेदन तयारीको विधिः

प्रत्यायोजित अधिकार बमोजिम जिम्मेवारी पाएको सरकारी वकीलहरुबाट ३३ जिल्लाका कारागार र हिरासतको अनुगमन गरी महान्यायाधिवक्ताको कार्यालयमा पेश गरेका प्रतिवेदनहरु यस एकीकृत प्रतिवेदनको मुख्य आधार हो। यसरी चालू आ.ब. ०७४/०७५ मा महान्यायाधिवक्ताको कार्यालयवाट गरिएको हिरासत र कारागारको अनुगमन गर्ने पदाधिकारीहरुबाट प्राप्त प्रतिवेदनहरु विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, हिरासत तथा कारागार अनुगमन सम्वन्धी महान्यायाधिवक्ताको कार्यालयबाट जारी निर्देशिका, सूचना, परिपत्र समेतको अध्ययन गरी तथा हिरासत र कारागार व्यवस्थापन सम्वन्धित सरोकारवालाहरुसँग छलफल समेतका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

## १.४ प्रतिवेदनको स्वरुपः

प्रस्तुत प्रतिवेदनलाई चार परिच्छेदमा बिभाजित गरिएको छ । परिच्छेद एकमा परिचय, कार्यदल गठनको उद्देश्य, प्रतिवेदन तयार गर्दा समितीले अपनाएको विधिको वारेमा उल्लेख गरिएको छ । परिच्छेद दुईमा थुनुवा र कैदी एवं कानूनको द्वन्द्वमा परेका वालवालिकाको विशेष अधिकारका सम्वन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्था, सो विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त लगायतका सैद्धान्तिक पक्षहरु समेटिएको छ । अनुगमन प्रतिवेदनहरुको विश्लेषणलाई परिच्छेद तीनमा राखिएको छ । अनुगमनका आधार र मापदण्डहरु तथा अनुगमनवाट प्राप्त विषयगत तथ्यलाई तालिकाहरुको माध्यमवाट यसै खण्डमा विवेचना गरिएको छ । परिच्छेद चारमा निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ र प्रतिवेदनको अन्तमा अनुगमनका मापदण्ड, प्रयोग गरिएका फाराम, सरोकारवालासँग गरेका छलफल, सुझाव एवम् हिरासत तथा कारागारको अनुगमन सम्वन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट जारी सान्दभिक निर्देशिका, सूचना, परिपत्रलाई उद्दत गरिएको छ ।

Office of the Attorney General, Nepal

# परिच्छेदः दुई
# थुनुवा र कैदीका अधिकार सम्बन्धी कानूनी व्यवस्था

कानूनको उल्लंघन वा कुनै अपराधको आरोप लागेको व्यक्ति वा अदालतको फैसला वमोजिम दोषी ठहर भएका व्यक्तिलाई हिरासत, थुना वा कैदमा रहँदा प्राप्त हुने अधिकार र उनीहरुप्रति राज्यका तर्फबाट गरिनुपर्ने व्यवहारका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुमा व्यवस्था रहेको पाइन्छ । अन्तर्राष्ट्रिय दस्तावेजहरुले प्रत्याभूत गरेका ती अधिकारहरुलाई देशको संविधान वा ऐन कानुनमा व्यवस्था गरेर वा अदालतबाट भएका व्याख्या वा निर्देशन मार्फत राष्ट्रिय कानुनमा समाहित गरिएको हुन्छ । नेपाल मानव अधिकार सम्बन्धी करिब दुई दर्जन अन्तर्राष्ट्रिय दस्तावेजहरुको पक्षबनेको सन्दर्भमा अन्तर्राष्ट्रिय दस्तावेजहरुबाट प्रत्याभूत गरिएका थुनुवा र कैदीका अधिकारका आधारभूत सिद्धान्तलाई नेपालले सम्मान गर्दै तिनलाई व्यवहारमा लागू गर्ने प्रतिवद्धता जनाएको छ ।

व्यक्तिगत स्वतन्त्रता मानिसको मूलभूत अधिकार हो । यो अधिकार समाजमा शान्ति सु-व्यवस्था कायम राखी अपराधिक क्रियाकलाप नियन्त्रण गर्ने अवस्थामा बाहेक अन्य अवस्थामा वाहेक राज्य वा अरु कसैले पनि हननगर्न पाउँदैन।कानुन बमोजिम व्यक्तिको स्वतन्त्रताको बन्देज लगाउने कार्य गर्दा पनि राज्यले कानुनको सीमा भित्र रहेर गर्नुपर्दछ । उचित कानूनी प्रकृया **(Due Process)** बमोजिम वाहेक नागरिकलाई व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित गर्न पाईदैन। कानुन उल्लंघन गरी कानुन विपरित अपराधिक कार्य गरेको आधारमा हिरासतमा वा पुर्पक्षको लागि थुनामा रहँदा पनि व्यक्तिका अन्य मानव अधिकारको उल्लङ्घन हुनुहुँदैन। त्यसैले हिरासत र कारागारमा रहेका मानिसहरुको अवस्थाका सम्बन्धमा स्वतन्त्र रुपमा गरिने जाँचवुझलाई हिरासतभित्र हुनसक्ने यातना रोकथाम गर्ने एक सशक्त माध्यमको रुपमा लिने गरिएको छ ।

संयुक्त राष्ट्र संघको तत्वावधानमा निर्माण भै लागू भएका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले जुनसुकै प्रकारको थुना तथा कारागारमा रहने व्यक्तिका लागि विभिन्न अधिकारको प्रत्याभूति गर्दै हिरासत र थुनामा रहनु पर्दा प्राप्त गर्ने सेवा सुविधाको अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गरेका छन् । नेपाल ती दस्तावेजहरुको पक्ष राष्ट्र भएकोले त्यसबाट सिर्जित दायित्व निर्वाह गर्न वाध्य छ । नेपालको संविधान, विभिन्न कानून तथा सर्वोच्च अदालतको व्याख्यावाट समेत हिरासत र कारागार एवं कानूनको द्वन्द्वमा परेका बालबालिकाका अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ।साथै यस प्रतिवेदनमा केही सान्दर्भिक अन्तर्राष्ट्रिय दस्ताबेजहरु समेत उल्लेख गरिएको छ ।

## २.१ थुनुवा र कैदीका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाः

व्यक्तिको बाँच्न पाउने वैयक्तिक स्वतन्त्रता र सुरक्षाको अधिकारलाई मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुमा महत्वपूर्ण स्थानमा दिईएकोपाईन्छ ।कुनैपनि व्यक्तिलाई शारीरिक यातना

Office of the Attorney General, Nepal

नदिईने वा क्रुर र अपमानजनक व्यबहार वा सजाय नगरिने, कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देश निकालाको भागीदार नबनाइने लगायतका व्यवस्थाहरु संयुक्त राष्ट्र संघीय मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८मा रहेका छन।त्यस्तैनागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि,१९४९ का जेनेभा महासन्धिहरु दुईवटा अतिरिक्त आलेखहरु,रोम विधान,१९९८ जस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरुमा मुख्य रुपमा व्यवस्था गरिएका छन् ।

थुना वा कैदमा परेका व्यक्तिका अधिकारका सम्वन्धमा संयुक्त राष्ट्र संघको अग्रसरतामा विभिन्न सिद्वान्त र नियमहरु विकाश भई विभिन्न नियमहरु जारी भएको पनि पाईन्छ । बन्दीलाई उनीहरुमा अन्तर्निहित मानवमूल्य र मर्यादा अनुसार आदरपूर्वक व्यवहार गरिने, भेदभाव नगरिने, बन्दीको समुदायका धार्मिक आस्था वा सांस्कृतिक आचरणको सम्मान गर्नु पर्ने जस्ता व्यवस्थाहरु संयुक्त राष्ट्रसंघको महासभाद्वारा घोषित थुनुवाहरु प्रति गरिने व्यवहारका आधारभूत सिद्वान्तहरु, १९९० मा रहेका छन् । त्यस्तै कैदीहरु उपरको व्यवहार सम्वन्धी न्युनतम मापदण्ड नियमहरु,१९५५, कुनैपनि प्रकारको थुना वा कैदमा परेका सवै व्यक्तिहरुको सुरक्षा सम्वन्धी सिद्वान्त,१९८८,कानून कार्यन्वयन अधिकारीहरुको आचरण,१९७९, वलपुर्वक वेपत्ता पारिएका सवै व्यक्तिहरुको सुरक्षा सम्वन्धि घोषणापत्र,१९९८, गैरकानूनी, स्वेच्छाचारी तथा गैरन्यायिक हत्याको प्रभावकारी रोकथाम र अनुसन्धान सम्वन्धी सिद्वान्त,१९८९ प्रमुख रहेका छन् ।

त्यस्तै क्षेत्रीयस्तरमा मानव अधिकारको संरक्षणको रुपमा मानव अधिकार सम्वन्धी अफ्रिकी वडपत्र,१९८१,मानवअधिकार सम्वन्धी अमेरिकी महासन्धि,१९६९,यातना निषेध तथा सजाय गर्ने अन्तर-अमेरिकी महासन्धि,१९८५, वलपूर्वक वेपत्ता पारेका व्यक्तिहरु सम्वन्धी अन्तर-अमेरिकी महासन्धि,१९५०, यातना तथा अमानवीय वा अपमानजनक व्यवहार र सजायको रोकथाम गर्ने सम्वन्धी युरोपेली महासन्धी जस्ता संयन्त्रहरुले पनिथुना वा कैदमा परेका व्यक्तिका अधिकारका सम्वन्धमा व्यवस्था गरेका छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले मानवपरिवारका सवै सदस्यमा अन्तर्निहित मानवीय मर्यादलाई उच्च महत्व दिदै हरेक मानिसलाई जीवन,स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको प्रत्याभूति गरेको छ ।घोषणपत्रमा कसैलाई पनि बाच्न पाउने अधिकारबाट बन्चित नगरिने तथा सवैलाई सम्मानपूर्वक मानवीय व्यवहार गरिनुपर्ने उल्लेख छ ।

Office of the Attorney General, Nepal

यसका अतिरिक्त शरीर बन्धक लिने वा बलजफ्ती हिरासतमा लिने अन्तर्राष्ट्रिय अनुबन्ध प्रस्तावनामा मानव अधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले निर्दिष्ट गरेको व्यक्तिको बाच्न पाउने हक, वैयक्तिक स्वतन्त्रता र सुरक्षा सम्बन्धमा अधिकार प्राप्त हुने उल्लेख गरेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरुमा यातना तथा अन्यक्रुर,अमानवीय र अपमानजनक व्यवहार वा सजाय गर्न निषेध गर्दै थुना वा कैदमा रहेको व्यक्तिलाई गरिने व्यवहारको वारेमा व्यवस्था गरेको छ । संयुक्त राष्ट्र संघको मानव अधिकार आयोगले पनि यस सम्बन्धमा विभिन्न संकल्प प्रस्ताव पारित गरी यस्ता अधिकार सवै व्यक्तिलाई प्राप्त हुनुपर्ने व्यवस्था गरेको छ ।

कैदीहरु उपरको व्यवहार सम्वन्धी न्युनतम मापदण्डले बन्दीप्रति गर्नुपर्ने व्यवहार तथा कारागारको व्यवस्थापन सम्बन्धी स्वीकारयोग्य सिद्दान्त र व्यवहारहरु निर्धारण गरेको छ । नियमावलीले बिना भेदभाव यी नियमहरु लागू गरिने प्रतिवद्दता व्यक्त गर्दै बन्दीको धार्मिक आस्था एवम् नैतिक मान्यताहरुको सम्मान गरिने कुरालाई आधारभूत सिद्धान्तको रुपमा स्वीकार गरेको छ ।कारागारमा आउने बन्दीको पहिचान, दायित्व र प्रवेश तथा छुट्ने समय उल्लेख गरी दर्ता किताब ब्यवस्थित गर्नुपर्ने, पुरुष र महिलालाई संभव भएसम्म फरक फरक कारागार र नभए महिलालाई छुट्टै भवन वा हातामा राख्नु पर्ने व्यवस्था नियमावलीले गरेको छ ।पुर्पक्षको पर्खाईमा रहेको बन्दीलाई अपराध प्रमाणित भएका बन्दीहरुबाट अलग राख्ने, अल्पवयस्क बन्दीलाई बयस्क बन्दीबाट अलग राख्ने, समूहमा सुत्ने कोठा भएमा मिल्न सक्ने खालका बन्दीलाई छनौट गरी मिलाएर राखिने, बन्दीको प्रयोगका लागि उपलब्ध गराइएका आवासमा प्रकाश, ताप र हावा प्रवेश मार्गमाथि विशेष ध्यान दिईनु पर्ने विषयलाई पनि प्रष्ट पारेको छ ।

जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त संग्रहमा जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अन्तर्गत रहेका सबै व्यक्तिको संरक्षणका लागि लागू हुने व्यवस्था छ । सिद्दान्त संग्रहमा थुनामा रहेकालाई कैद ठेकिएकाबाट संभव भएसम्म अलग राखिनु पर्ने, पक्राउ र थुनामा राख्ने कार्य कानूनको अधिकार अन्तर्गत मात्र हुने, पक्राउको समयमा नै पक्राउको जानकारी दिनुपर्ने,थुनुवा वा बन्दीलाई न्यायिक अधिकारीबाट सुनुवाइको अवसर दिने, पक्राउ वा कारागारमा राखिएको स्थान र यसको स्थानान्तरण बारे बन्दीको परिवारलाई जानकारी दिनुपर्ने एवम् उनीहरुले कानूनी परामर्शदाताको सहायता लिन पाउन हक संरक्षित हुनुपर्ने व्यवस्था गरेको छ ।

कानून कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिताले कानून कार्यान्वयन गर्ने अधिकारीले कर्तव्य पालनमा मानव मर्यादाको आदर र बचाउ गर्नुपर्ने, सबै व्यक्तिको मानवअधिकार कायम राख्ने र पालना

Office of the Attorney General, Nepal

गनुपर्ने भनिएको छ । कानून कार्यान्वयन गर्ने कुनैपनि अधिकारी यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायरुपी कार्यमा संलग्न हुन नहुने र त्यस्ता अधिकारीले यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको पुस्ट्याइ स्वरुप तालुकवालाको आदेश, युद्ध वा युद्धको त्रासको अवस्था, राष्ट्रिय सुरक्षामा खतरा, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक सङ्कटजस्ता अपवादजनक परिस्थितिको दाबी लिन नसक्ने पनि स्पष्ट व्यवस्था गरिएको छ ।आचारसंहितामा कानून कार्यान्वयन गर्ने अधिकारीले हिरासतमा रहेका व्यक्तिहरुको स्वास्थ्यको पूर्ण सुरक्षालाई सुनिश्चित पार्ने र खासगरीचाहिएको बेला चिकित्सात्मक सतर्कता अपनाउन तुरुन्तै कारवाई चलाउनु पर्ने पनि व्यवस्था गरिएको पाइन्छ ।

थुनुवा प्रति गरिनुपर्ने ब्यवहारका आधारभूत सिद्धान्तहरुले थुनुवा प्रति गरिनुपर्ने ब्यवहारका सम्बन्धमा व्यवस्था गरेको छ ।यसमा हरेक बन्दीलाई उनीहरुमा निहित मानव मूल्य र मर्यादा अनुसार आदरपूर्वक व्यवहार गरिने उल्लेख गरिएको छ भने बन्दीलाई लिङ्ग, जात, जाति, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव गर्न निषेध गरेको छ । बन्दीको धार्मिक आस्था वा सांस्कृतिक आचरणको सम्मान गर्नुपर्ने, बन्दीको सुरक्षा र अपराधबाट समाजको बचाउ गर्ने कारागारको उत्तरदायित्व हुने, कैद सजायको तथ्यले स्पष्ट आवश्यक भएको बन्देज बाहेक सबै बन्दीलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा व्यवस्थित नागरिक र राजनैतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगाएत संयुक्त राष्ट्र संघका अन्य मानव अधिकार सम्बन्धी महासन्धिहरुमा व्यवस्थित अधिकार प्राप्त हुनु पर्ने उक्त व्यवस्था सिद्धान्तहरुमा उल्लेख गरिएको छ ।

## २.२ थुनुवा रकैदीका अधिकारसम्बन्धी राष्ट्रिय कानूनी व्यवस्थाः

थुनुवा र कैदीका अधिकारहरुको संरक्षणको सम्वन्धमा हामीसंग आफ्नै मौलिक कानूनी व्यवस्थाहरु रहेका छन्, जुन व्यवस्था हाम्रा पुर्ववर्ती संविधान र ऐन कानून र सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्तमा उल्लेख छन्।यसको अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी महासन्धिहरुको तत् तत् पक्ष राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेका कैदी र थुनुवाका अधिकारलाई संरक्षण गर्ने दायित्व नेपालमा पनि रहेको छ । यसर्थ राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेका कैदी र थुनुवाका अधिकार एवम् तिनको कार्यवन्यनको अवस्थालाई विशेष ध्यान दिईनु पर्ने हुन्छ।अधिकार प्रदान गरेर मात्र हुदैन सो को सही कार्यान्वयन समेत हुनुपर्छ भन्ने मान्यता अनुरुप कैदी र थुनुवालाई प्राप्त कानूनी अधिकार एवम् तिनको व्यवहारिक कार्यवन्यनको अवस्थालाई अनुगमन गर्ने गरी संम्वैधानिक व्यवस्थाको शुरुवात भएको देखिन्छ । यस सम्वन्धमा नेपालको अन्तरिम संविधान,२०६३ यस सम्बन्धी व्यवस्थाको शुरुवात भै कैदी र थुनुवाले कारागार र थुनामा रहँदा आफ्ना अधिकारको प्रयोग गर्ने पाएका



Office of the Attorney General, Nepal

छन्/छैनन्, उनीहरुलाई मानवोचित व्यवहार भएको छ वा छैन, उनीहरुले आफन्तसँग भेटघाट गर्न पाएका छन/छैनन् यी सवै विषयमा अनुगमन गर्ने जिम्मेवारी महान्यायाधिवक्तालाई प्रदान गरेको थियो । जुन व्यवस्थालाई वर्तमान नेपालको संविधानले समेत निरन्तरता दिएको छ ।

**नेपालको संविधान**

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार र कानुनी राज्यको अवधारणा प्रति प्रतिवद्धता व्यक्त गर्दै नागरिकहरुलाई स्वतन्त्रताको अधिकार, न्यायसम्बन्धी हक र यातना विरुद्धको हकको प्रत्याभूति गरेको छ । संविधानले कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रतावाट वंचित नगरिनेव्यवस्था गरेको छ । कुनैपनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, पक्राउमा परेका व्यक्तिले पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने र कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने र त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने, पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिईने र निजसँग निर्मम, अपमानजनक र अमानवीय व्यवहार नगरिने व्यवस्था मैलिक हकमा उल्लेख छ ।

हिरासतमा रहेको व्यक्तिलाई राज्यको तर्फवाट मानवोचित व्यवहार हुनुपर्ने, उसले आफन्त र कानुन व्यवसायीसँग भेटघाट गर्न पाउने हक हुने त्यस्तो नभएको अवस्थामा उजुरी परेमा वा कुनै माध्यमवाट जानकारी हुन आएमा सो विषयमा छानविन गरी संवन्धित अधिकारलाई आवश्यक निर्देशन दिने संयन्त्रको रुपमा महान्यायधिवक्तालाई संविधानले ताकेको यस संवैधानिक व्यवस्था अनुसार हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नभएको वा आफन्तसँग वा कानुन व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनवाट रोक्न सम्वन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने काम, कर्तव्य र अधिकार नेपालको संविधानको धारा १५८ मा महान्यायाधिवक्तालाई तोकिएको छ । यो अधिकार महान्यायाधिवक्ता स्वयं वा निजले तोकेको मातहतका अधिकृतद्वारा प्रयोग हुदै आईरहेको छ ।

**नागरिक अधिकार ऐन, २०१२**

नागरिक अधिकार ऐन,२०१२ ले प्रचलित नेपाल कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरण गर्न नपाइने व्यवस्था गरेको छ ।गिरफ्तार भएको व्यक्तिलाई कारण सहितको सूचना यथासक्य चाँडो नदिई थुनामा नराखिने, निजलाई निजले रोजेको कानुन व्यवसायी वा कानुन बमोजिमको वारेससँग सल्लाह लिने र पुर्पक्ष गराउने हक हुने, कानुन वमोजिम अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटोको म्याद बाहेक चौविस घण्टा भित्र मुद्दा



Office of the Attorney General, Nepal

हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने र त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधी भन्दा बढी थुनामा राख्न नपाइने व्यवस्था यस ऐनमा गरिएको छ ।

**प्रहरी ऐन,२०१२**

कानून बमोजिम पक्रनु पर्ने व्यक्तिलाई पक्रनु पर्ने पर्याप्त कारण भएमा मात्र पक्रन पाउने व्यवस्था यस ऐनमा गरिएको छ । पक्राउ भएका वा थुनामा रहेका व्यक्ति बिरामी भएमा आवश्यक मद्दत लिई चाहिने कारवाही तुरुन्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्त लैजादा निजको स्वास्थ्यको उचित ख्याल राख्नु पर्ने रपक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र वासको व्यवस्था गर्ने दायित्व यस ऐनले प्रहरीलाई तोकेको छ ।

**कारागार ऐन, २०१९**

ऐनमा कैदी थुनुवालाई गरिनुपर्ने व्यवहारका विषयमा स्पष्ट पारिएको छ । ऐनको व्यवस्था अनुसार कुनै व्यक्तिलाई कुनै अपराधको तहकिकात, जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नुपर्ने भएमा थुनुवा पुर्जी र अदालतको फैसला बमोजिम कैदमा राख्नुपर्दा कैदी पुर्जी दिनुपर्ने भनिएको छ । थुनुवा र कैदीलाई निज थुन्दा वा कैदमा राख्दा सम्भव भएसम्म पुरुष र महिलालाई अलग अलग घरमा र एउटै घरमा भएपनि परस्पर भेटघाट हुन नपाउने गरी राख्नुपर्ने, थुनुवा र कैदीलाई एउटै कारागारमा राख्नुपर्दा सम्भव भएसम्म छुट्टाछुट्टै राख्नुपर्ने, एकाईस वर्ष मुनी र एक्काईस वर्ष माथिका कैदी वा थुनुवालाई छुट्याई भिन्दाभिन्दै राख्नुपर्ने, देवानी र फौजदारी मुद्दाका कैदी, रोगी, पागल थुनुवा र कैदीलाई पनि छुट्टाछुट्टै भागमा राख्नुपर्ने व्यवस्था यस ऐनमा गरिएको छ ।

विशेष अवस्था र परिस्थितिका कैदी बाहेक अन्य थुनुवा वा कैदीलाई कारागार भित्र नेल वा हतकडी लगाउन नपाईने,थुनिए वा कैद परेकी महिलाको कारागार भित्र छोराछोरी जन्मेमा २ वर्ष नपुगेको नावालक छोराछोरी रहेछ र आमा आफैले आफैसित राखी हेरचाह गर्न चाहेमा कारागार मै राख्न पाउने, थुनुवा वा कैदीको नावालकको लालनपालन गर्ने अरु कोही नभए थुना वा कैदमा रहुन्जेल त्यस्तो नावालकको सम्पूर्ण रेखदेख, शिक्षा दिक्षा र लालन पालन नेपाल सरकारको संरक्षणमा गरिने,१२ वर्ष ननाघेको कुनै नावालक थुनिए वा कैद परेमा निजको हेरचाह गर्न निजको आमाबाबु वा अरु नातेदार कारागार भित्र बस्न चाहेमा वस्न दिनुपर्ने प्रावधान पनि ऐनमा रहेको छ ।थुनुवा वा कैदीलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाउन नपाइने,३ वर्षसम्म कैदहुने ठहरिएको कसुरदारलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवामा पठाउन सक्ने,३ वर्ष भन्दा बढी कैद सजाय भई कम्तीमा एक तिहाई कैदको अवधी भुक्तान गरिसकेको कैदीलाई खुल्ला कारागारमा वस्ने अनुमति दिन सकिने, मानसिक वा शारीरिक विरामी परेमा थुनुवा वा कैदीलाई सरकारी चिकित्सकद्वारा उपचार गराउनु पर्ने,म्याद तोकिई थुनिए वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र कानुन बमोजिम अधिकार प्राप्त

Office of the Attorney General, Nepal

अधिकारीबाट छोड्न आदेश भै आएमा २४ घण्टा भित्र जेलरले थुना वा कैदबाट मुक्त गर्नुपर्ने व्यवस्था यस ऐनमा गरिएको छ ।

**कारागार नियमावली, २०२०**

कारागार ऐनले समेट्न नसकेका कैदी र थुनुवाका कतिपय अधिकारलाई यस नियमावलीले समेटेको छ । जस अनुसार तीन वर्षसम्म कैद हुनसक्ने व्यक्तिले सामुदायिक सेवा गर्न चाहेमा सो को अनुमती दिनसकिने, तीनवर्ष भन्दा बढि कैद सजाय भई कम्तीमा एक तिहाई कैदको अवधी भुक्तान गरिसकेको कैदीले खुला कारागारमा बस्न चाहेमा निवेदन दिनसक्ने व्यवस्था नियमावलीमा गरिएको छ । कैदीलाई दिईनेलुगा,सिधा,सुत्केरीलाई थप सिधा,भेटघाट र पत्र व्यवहारको सुविधा, कारागारमा थुनिएका केटाकेटीहरु र प्रौढ व्यक्तिहरुलाई आवश्यकता अनुसार शिक्षा दिनुपर्ने,कैदी र थुनुवालाई असल मनोवृत्ति तर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण संचालन गर्नुपर्ने जस्ता विषयलाई पनि नियमावलीमा समेटिएको छ । यसको अतिरिक्त कारागारमापुस्तकालय, रेडियो, इलम, सीप विकास लगाएत शिक्षा,स्वास्थ्य, अन्नपानी,पाइखाना, पिसावखाना, सरसफाई, मनोरञ्जनको प्रवन्ध समेत गर्नु पर्ने विषयलाई यस नियमावलीले समेटेको छ ।

**मुलुकी ऐन**

अदालतमा दायर भएका थुना वा कैदीको मुद्दाको र कार्यविधीलाई छिटो छरितो वनाउने, सम्भव भएसम्म अभियुक्तलाई थुना वा कैदको वैकल्पिक सुविधा दिईने, थुना वा कैदमा रहेको कारण र अवधिको विषयमा थुनवा वा कैदीलाई वोध गराईदिनु पर्ने विषय मुलुकी ऐनमा गरिएको छ । ऐनको अदालती वन्दोवस्तको महलमा थुना वा कैदीको थुना वा कैद परेको मुद्दा प्राथमिकतामा राखी सुनुवाई गरिने व्यवस्था छ ।थुनामा परेको कुनै अभियुक्त पछि प्राप्त प्रमाणबाट कुसुरदार होइन भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए पनि अड्डाले निजलाई थुनाबाट छाड्न सक्ने,अभियुक्तलाई कुनै हालतमा पनि निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी थुनामा नराखिने,पूर्पक्षको लागि थुनामा रहेको व्यक्तिलाई मुद्दा फैसला हुँदा लाग्ने ठहरिएको जरीवाना वा कैदको सजायको अङ्कमा निज थुनिएको दिन मिनाहा दिई बाँकी मात्र जरिवाना असुल वा कैद गरिने जस्ता व्यवस्थाहरु सोही महलमा उल्लेख छन् । कारण खोली पूर्जी नदिई कसैलाई पनि थुनामा राख्न नपाईने,थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एकवर्ष भित्र मुद्दाको किनारा नभए निजसँग धरौट वा जमानत लिई थुनाबाट छोडी मुद्दाको कारवाही गर्नुपर्ने व्यवस्था समेत मुलुकी ऐनमा रहेको छ ।

**बालबालिका सम्बन्धी ऐन, २०४८**

कानुनको द्धन्द्धमा परी थुना वा कैदमा रहेका वालवालिकाहरुलाई थुना वा कैदमा राख्दा पनि उनीहरुको सर्वोत्तम हितलाई ध्यानमा राखिनु वाल न्याय प्रशासनको आधारभूत मान्यता हो ।बालबालिका सम्वन्धी

ऐन र नियमावलीले यसै मान्यतालाई आत्मसात गरेको देखिन्छ । बालबालिकाले कुनै अपराध गरे वापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने, बालकलाई नेल, हतकडी लगाउन नपाईने उनीहरुलाई एकान्त कारावासमा राख्न नहुने व्यवस्था यस ऐनले गरेको छ । ऐनमा कुनै कसुरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको लागि थुनामा बस्नुपर्ने वा कैदको सजाय पाई कैदमा जानुपर्ने बालकलाई बाल सुधार गृहमा राख्नुपर्ने, कानुन बमोजिम थुनामै राखी मुद्दाको तहकिकात गनुपर्ने कुनै कसुरको अभियोग लागेको बालक वा कसुरदार ठहर भई कैदको सजाय पाएको बालबालिकाका सम्बन्धमा कसुर गर्दाको परिस्थिति, अवस्था थुनामा वस्नुपर्ने ठाँउ लगायतका कुराहरु विचार गर्दा थुनामा वा कैदमा राख्न उपयुक्त हुदैन भन्ने मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने गरी र सजाय तत्काल भोग्नु नपर्ने गरी संरक्षक वा बालसुधार गृहको जिम्मा लगाउन सकिने, कानून व्यावसायी नभएमा वालकको मुद्दाको कारवाही र किनारा नहुने व्यवस्था समेत गरिएको छ । यसैगरी बाल सुधारगृहमा शिक्षा, तालिम, सुविधा आदिको व्यवस्था हुनुपर्ने व्यवस्था पनि ऐन र नियमावलीमा गरिएको छ ।

**<u>सरकारी मुद्दा सम्वन्धी ऐन,२०४९</u>**

सरकारी मुद्दा सम्वन्धी ऐनको अनुसुची १ अन्तर्गतका मुद्दाको अनुसन्धान तहकिकातको सिलसिलामा संकितलाई पक्राउ गरी प्रहरी हिरासतमा राख्दा संकितका मानव अधिकारको संरक्षण गरिनु आवश्यक छ । ऐनमा अपराध अनुसन्धानर तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नुपर्ने मनासिव कारण भएको व्यक्तिलाई मात्र पक्राउ गर्नसक्ने र पक्राउ भएको व्यक्तिलाई कारण सहितको सुचना नदिई थुनामा नराखिने व्यवस्थाको प्रत्याभूति गरिएको छ । महिलालाई पक्राउ गर्नुपर्दा यथासम्भव महिला प्रहरीद्वारा गर्नुपर्ने, पक्राउ गरिएको वा थुनामा राखिएको व्यक्तिलाई २४ घण्टा भित्र तहकिकात पूरा नहुने भएमा अदालतको अनुमति लिएर मात्र थुनामा राख्नुपर्ने रथुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित व्यक्तिले शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिनसक्ने व्यवस्था ऐनमा गरिएको छ ।

**<u>यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३</u>**

थुनामा रहेको व्याक्तिलाई कुनैपनि किसिमको यातना दिन यस ऐनले निषेध गरेको छ । अनुसन्धान,तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई यताना दिनु नहुने, कुनै व्यक्तिलाई थुनामा राख्दा र छोडदा संम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलव्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गराई राख्नुपर्ने, अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा थुनामा रहेको व्यक्तिलाई

Office of the Attorney General, Nepal

सरकारको कुनै कर्मचारीले यातना दिएको प्रमाणित भएमा पीडितलाई क्षतिपूर्ति दिइने रयातना दिने कार्यमा संलग्न व्यक्तिहरु उपर विभागीय कार्वाही हुने व्यवस्था समेत यस ऐनमा गरिएको छ ।

**जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३**

यस ऐनमा थुना वा कैदमा रहेका जेष्ठ नागरिकलाई प्राप्त हुने सहुलियतको विषयमा व्यवस्था गरिएको छ ।सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको जेष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिने, व्यबस्था रहेको छ। जस अनुसार पैसठ्ठी वर्ष उमेर पुरा भई सत्तरी वर्ष ननाघेको जेष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म छुट दिने सकिने तथा सत्तरी वर्ष उमेर पुरा भई पचहत्तर वर्ष ननाघेको जेष्ठ नागरिकलाई पचास प्रतिशतसम्म, पचहत्तर वर्ष पुरा भएका जेष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म,कैद सजाय पाएको अशक्त जेष्ठ नागरिक वा पचहत्तर बर्ष पुरा गरेको जेष्ठ नागरिकलाई अदालतले कसुरको गाम्भिर्य हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न सकिने व्यवस्था रहेको छ ।

**सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५**

सरकारी मुद्दा सम्बन्धी नियमावली,२०५५को नियम ९ मा अभियुक्तलाई पक्राउ गर्दा र प्रहरी हिरासतमा लिँदा अवलम्बन गर्नुपर्ने कार्यविधिका वारेमा व्यवस्था गरिएको छ । सरकारवादी फौजदारी मुद्दाका अभियुक्तलाई प्रहरीले तहकिकातको सिलसिलामा खोजतलास गरी पक्राउ परेको अभियुक्तलाई पक्राउ पुर्जी दिनुपर्ने, अभियुक्तलाई हिरासतमा राख्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५ ले निर्धारण गरेका मापदण्ड पूरा गर्नुपर्ने र नियम बमोजिम तोकिएको ढाँचाको थुनुवापुर्जी दिई हिरासतमा राख्नुपर्ने व्यवस्था नियमावलीमा गरिएको छ ।

**सरकारी वकील सम्बन्धी नियमावली, २०५५**

यसरी विभिन्न सारभुत कानूनहरुले थुनुवा र कैदीलाई प्राप्त भएका अधिकारको उपयोगको विषयमा अनुगमन गर्ने जिम्मेवारी संविधानतः महान्यायाधिवक्तालाई तोकिएको छ । नेपालको संविधान रसरकारी वकील सम्बन्धी नियमावली,२०५५ मा यस सम्वन्धी व्यवस्था गरिएको छ । सरकारी वकील सम्बन्धी नियमावली,२०५५ को नियम १० मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार अन्तर्गत देहाय छ१ मा कारागारमा रहेका कैदीको मानव अधिकारको अवस्थाको अनुगमन गरी सम्बन्धित् निकायलाई निर्देशन दिने व्यवस्थाउल्लेख छ । नियम १ को देहाय ङ१मा सह-न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार अन्तर्गत हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा सो बिषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न



Office of the Attorney General, Nepal

सम्बन्धितअधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार सहन्यायाधिवक्तालाई रहेको छ । यसरी छानविन गरी निर्देशन दिएको बिषयमा सहन्यायधिवक्तालेमहान्यायाधिवक्ता समक्ष त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था समेत सोही नियमको उप नियम २(ङ) मा गरिएको छ ।

यसरी संविधान र उल्लिखित ऐन, नियमावलीका अतिरिक्त अन्य कानुनले समेत थुनुवा र कैदीलाई प्राप्त अधिकार र उनीहरुलाई राज्यको तर्फवाट गरिने मनवोचित व्यवहारको विषयमा यदाकदा उल्लेख गरेको पाइन्छ । मुलतः वन्दी प्रत्यक्षिकरण सम्वन्धी कानूनी व्यवस्थाले थुनुवा र कैदीका विविध अधिकार र उनीहरुलाई गरिनुपर्ने मानवोचित व्यवहारको वारेमा सम्वोधन गर्ने गरेका छन् ।

**फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४**

यसले सुधारात्मक दण्ड व्यवस्थाका विभिन्न प्रावधानहरुको व्यवस्था गरेको छ । २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ हुने ( तोकिएका दफा बाहेक अन्य दफाहरु) यस ऐनले कसूरदारलाई निजले गरेको कसूर, निजको उमेर, आचरण, कसूर गर्दाको परिस्थिति, कसूर गर्दा अपनाएको तरिका समेतलाई विचार गरी छ महिनासम्म कैद सजाय भएकोलाई अन्य अवस्था हेरी सामुदायिक सेवा गर्न आदेश दिन सक्ने (दफा २२) ,दुई बर्ष वा सो भन्दा कम कैदको सजाय भएकोलाई अन्य अवस्था हेरी सुधार गृहमा पठाउन सकिने ( दफा २५) लागु औषध वा अन्य दुर्व्यसनी र शारिरीक वा मानसिक रुपमा दुर्वलताबाट पीडित कसूरदारलाई अवस्था हेरी पुनस्र्थापना केन्द्रमा पठाउन सकिने (२६),कैद सजाय निलम्बन गर्न सकिने,सुधार गृहमा पठाउन सकिने,सप्ताहको अन्तिम दिन वा रात्रिकालिन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने,खुल्ला कारागारमा राख्न सकिने, कैद बापत शारीरिक श्रममा लगाउन सकिने,कारागार बाहिर जान दिन सकिने, प्यारोलमा राख्न सकिने,कैद कट्टा हुन सक्ने नयाँ कानूनी व्यवस्था गरेको छ ।

सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्ड महान्यायाधिवक्ताको अध्यक्षतामा र प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा (दफा ३८, ३९) गठन हुने तथा नेपाल सरकारले सामुदायिक सेवा वा पुनस्र्थापना कार्यमा काम गरेका व्यक्तिलाई प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत नियुक्त गर्न वा तोकन सक्ने गरी नयाँ व्यवस्था लागू हुन गइरहेको छ ।

**मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४**

यसमा कसूरको अनुसन्धानको सिलसिलामा व्यक्ति पक्राउ गर्नु पर्ने भएमा प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्ने, अनुसन्धानका लागि चौबीस घण्टाभन्दा बढी हिरासतमा राख्नु परे अनुसन्धान अधिकारीले आधार र कारण खुलाई सरकारी वकिल कार्यालय मार्फत अनुमतिको लागि निवेदन दिनु पर्ने र निवेदन परे मुद्दा हेर्ने अधिकारीले एकैपटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने नयाँ कानूनी व्यवस्थाले गैर कानूनी थुनामा वस्नु नपर्ने व्यवस्था गरेको छ ।

Office of the Attorney General, Nepal

## मुलुकी फौजदारी अपराध संहिता,२०७४

यसमा प्रचलित फौजदारी कानूनमा रहेका उपयुक्त सिद्धान्त, धारणा र मान्यताहरु यथावत राखिएको, फौजदारी न्याय प्रशासनमा विकसित अन्तर्राष्ट्रिय मापदण्ड र प्रावधानलाई अंगिकार गरिएको,फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा छुट्टै कानून ,फौजदारी न्यायका सामान्य सिद्धान्तहरुको व्यवस्था, विद्यमान सजाय प्रणालीमा सुधार गरी कसूरको गंभीरता तथा कसूरमा कसूरदारको सहभागीताको अनुपातमा कसूरको गंभीरता घटाउने तथा बढाउने अवस्थाको आधारमा सजाय हुने, जन्म कैद, निश्चित अवधिको कैद, कैद र जरिवाना, जरिवाना, क्षातिपूर्ति, जरिवाना वा क्षातिपुर्ति नतिरे वापतको कैद, कसूर स्वीकार गरी सहयोग गरेमा बढीमा पचास प्रतिसत सम्म सजाय छूट दिन सकिने व्यवस्था रहेको देखिन्छ ।

## २.३ थुनुवा र कैदीका अधिकार सम्बन्धी विषयमा सर्वोच्च अदालतबाट भएको सिद्धान्तहरु

थुनुवा र कैदीका अधिकार सम्वन्धी कानूनी व्यवस्था हाम्रो सन्दर्भमा नयाँ व्यवस्था होईनन्।हाम्रा पुर्ववर्ती संविधान र विभिन्न ऐनहरुमा पहिल्यै देखि थुनुवा र कैदीका अधिकारलाई स्थान दिईदै आएको पाईन्छ। कैदी र थुनुवाका अधिकारका विषयमा सर्वोच्च अदालतले पनि विभिन्न मुद्दाहरुमा विभिन्न व्याख्या विश्लेषण गर्दै उनीहरुका अधिकारलाई संकुचन गर्ने कानूनका व्यवस्थालाई वदर गर्दै उनीहरुको अधिकार उपयोगको वातावरण बनाउन निर्देशन समेत गरेको छ ।

यज्ञमूर्ति बन्जाडे वि. वागमती विशेष अदालत भएको बन्दीप्रत्यक्षीकरण मुद्धामा अभियुक्तले आफ्नो व्यैक्तिक स्वतन्त्रताको संरक्षणको क्रममा कानून व्यावसायी राख्न पाउने अधिकारको प्रत्याभूति गरिएको छ । फैसलामा भनिएको छ "अभियुक्तले कानून व्यवसायी राख्न पाउनुहुन्छ भन्नुपर्नेमा कानून व्यवसायी राख्नपाउ भनेका थिएनन् भन्ने मिल्ने कुरा भएन, किनभने आफुले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पूर्पक्ष गर्ने अधिकारवाट बञ्चित गरिने छैन भन्ने संविधानको धारा ११ को उपधारा (६) मा व्यवस्था छ । यो एक मौलिक हक हो । कसैको ज्यान वा व्यक्तिगत स्वतन्त्रता अपहरण गर्न सारवान ऐन र कार्यविधि ऐन दुवैको अक्षरशः पालना गरी बहुत सर्तकता र होसियारीसाथ हेरिनुपर्दछ ।[1]

कैदीहरु बिच समान व्यवहार गर्नुपर्ने सम्वन्धमा पनि सर्वोच्च अदालतले पारेको छ । चन्द्रकान्त ज्ञवाली विरुद्द प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको मुद्दामा "फैसला अन्तर्गत सजाय पाई कारागारमा रहेका कैदीहरु मध्ये शिक्षितलाई "क" श्रेणीमा र अशिक्षितलाई "ख" श्रेणीमा राख्नु सरसर्ती हेर्दानै मनासिव देखिदैन। ठुलो औकात र सानो औकात भन्ने मात्रै आधारमा व्यक्तिहरु वीच भेदभाव गर्नु समतामुलक समाजको स्थापना गर्ने संविधानको भावानाको प्रतिकूल हुनजाने देखिएकोलेकारागार

[1] ने.का.प.२०२७, अंक ७, नि.नं.५४७, पृष्ठ, १५७



Office of the Attorney General, Nepal

नियमावली,२०२० को नियम २१ को उपनियम १ को व्यवस्था संविधानको धारा १३(३) सँग स्पष्ट बाझिएकोले उक्त व्यवस्था अमान्य र निष्कृय हुन्छ भनिएको छ ।[२]

कारागारको उचित व्यवस्थापन गर्ने विषयमा सर्वोच्च अदालतबाट कृष्ण लामा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भएको रिट निवेदनमा व्याख्या भएको पाईन्छ । रिट निवेदनको फैसलामा भनिएको छ, "अदालत र अन्य अर्धन्यायिक निकायको आदेशले पुर्पक्षको निमित्त थुनामा रहेकाहरुको हैसियत, स्थिति र अवस्था समान प्रकृतिको मान्नुपर्ने हुँदा समान अवस्थाका थुनुवाहरुलाई समान व्यवहार गरिनुपर्छ अन्यथा राज्यद्वारा छुट्टाछुट्टै व्यवहार गरिनु समानताको सिद्धान्त विपरीत हुनजान्छ । कैदी र थुनुवाको व्यवस्थापन गर्ने कुरा राज्यको प्राथमिक कार्य मानिने हुँदा आवश्यकता अनुसार राज्यले जुनसुकै व्यवस्था गर्नसक्छ, गर्नुपर्छ । कारागारको विकल्प प्रहरी कार्यालयको खोर हुन नसक्ने र त्यस्तो मान्न पनि नमिल्ने भएकाले कारागारको क्षमताले नपुगेको भन्ने आधारमा थुनुवाहरुलाई प्रहरी कार्यालयको खोरमा राखिनु उचित र न्यायसंगत मान्न सकिंदैन।[३]

मुलुकी ऐन, इलाज गर्नेको महलको नं.६ को "नेल ठोकी खोर वा कारागारमा राखी" भन्ने वाक्यांशलाई सुदर्शन सुवेदी वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको मुद्दावाट खारेज गरिएको छ । यसैगरीअपराध अनुसन्धानको सिलसिलामा वा थुनामा रहेको व्यक्तिलाई राज्यले उच्च मर्यादा र उच्च नैतिकता कायम गरी व्यवहार गर्नुपर्छ ।अपराध अनुसन्धानको नाउँमा वा कार्यकारी अधिकार सम्पन्न हैसियतको अधिकारीको नाममा राज्यले संवैधानिक एवं कानूनी व्यवस्था र मानव अधिकारको न्यूनतम् मान्यता वा सीमा नाघी कसैलाई पनि कुनै प्रकारको यातना दिन सक्दैन भनी राजेन्द्र घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत[४] भएको रिट निवेदनको फैसलामा बोलिएको छ । फैसलामै भनिएकोछ, राज्यले सार्वजनिक हितका लागि मौलिक हकमा नियन्त्रण गर्नसक्छ भन्दैमा राज्यले स्वेच्छाचारी ढंगले यातना दिनसक्ने होइन।राज्यको यस्तो अधिकार उचित, निष्पक्ष र मनासिव हुनुपर्छ ।

कैदीले उपयोग गर्न पाउने मौलिक हकको सम्वन्धमा जङ्गबहादुर सिंह समेत वि. प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयसमेत[५] भएको रिट निवेदनमा सर्वोच्च अदालतले व्याख्या गरेको छ । फैसलामा भनिएको छ "इच्छुक कैदीलाई नेपालको अन्तरिम संविधान,२०६३ को धारा १७ को शिक्षा प्राप्त गर्ने हक, धारा २३ को धर्मसम्बन्धी हक समेत उपभोग गर्ने अवसर दिएको देखिन्छ । कैद सजाय भई कारागारमा बस्दैमा सबै मौलिक हकहरू स्वतः स्थगन वा निलम्बित हुन्छ भन्ने होइन।कैद ठेकिएको

[२] नेका.प., २०५७, अंक ६/७, पृष्ठ ५९२

[३] ने.का.प. २०६५, अंक ३, नि.नं ३३४

[४] ने.का.प. २०६६, अंक ३ नि.नं.८१०१

[५] ने.का.प. २०६८ अंक ६, नि.नं. ८६३१ पृष्ठ ९८६



Office of the Attorney General, Nepal

व्यक्तिको हिंडडुल र आवतजावत गर्ने स्वतन्त्रता बाहेक अरु स्वतन्त्रता अपहरण हुन सक्दैन। कुनै व्यक्तिले परिस्थितिवश अपराध गर्ने हुँदा सुधारेर सजाय पाएको व्यक्ति पुनःसमाजमा असल नागरिक भएर स्थापित हुनसक्छ भन्ने मान्यतामा रही कैद सजाय पाएको व्यक्तिलाई कैद अवस्थामा नै पढ्न अवसर दिने, व्यवसायिक तालीम दिई व्यापक सुधारात्मक सहुलियतहरू दिन थालिएको छ । थुनुवा र कैदीलाई दिईनु पर्ने पारिवारीक भेटघाटको विषयमा पनि व्याख्या गर्दै सर्वोच्च अदालतले,"पतिपत्नी भन्ने विवाह दर्ता र नागरिकताको प्रमाणपत्रबाट प्रमाणित भएमा बैध दम्पत्तिलाई पति कैदमा भए पत्नीलाई र पत्नी कैदमा भए पतिलाई पारिवारिक भेटको सुविधा दिनुपर्छ भनि सो विषयमा उचित पूर्वाधार निर्माण गर्न निदेशित गरेको पाइन्छ ।

बन्दीको सम्मानपुर्वक बाच्न पाउने हकको सम्बन्धमा पनि सम्मानित सर्वोच्च अदालतले चार्ल्स गुरुमुख शोभराज वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[६] भएको परमादेश मुद्दामा व्याख्या गरेको छ । व्याख्यामा भनिएको छ, राज्यको आदेश वा निर्णयका कारण बन्दी जीवन बिताउन बाध्य रहेका व्यक्तिहरुको जीवन स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्छ ।यो उसको संवैधानिक दायित्य हो। बन्दी अवस्थामा रहेको कारण सम्मानपूर्ण बाँच्न पाउने संविधानप्रदत्त हक समाप्त हुदैन। ऊ स्वदेशी वा विदेशी नागरिक हो भन्ने कुरा यस सन्दर्भमा सर्वथा निरर्थक रहन्छ।यसैगरी कैदीलाई दिइदै आएको सिधा खर्चको विषयमा प्रचलित कानून बमोजिम कैदी, बन्दी र आश्रितले पाउने चामल र रकममा पुनरावलोकन हुनुपर्ने भनी बोलिएको छ ।

रामप्रवेश शाह वि. पुनरावेदन अदालत, पाटन समेत[७]उत्प्रेषण, परमादेश भएको मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित कुनै अपराधमा अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामै राखी तहकिकात गर्नुपर्ने अवस्था स्पष्ट उल्लेख गरेर मात्र प्रहरी कार्यालयले हिरासतमा राख्ने अनुमति माग गर्नुपर्ने र अदालतले पनि अनुमति दिनसक्ने भनिएको छ । पक्राउ परेको व्यक्तिलाई प्रहरी हिरासतमा नराख्दा अनुसन्धान तहकिकातमा नै अवरुद्ध हुन जाने वा अनुसन्धान तहकिकातमा प्रतिकूल प्रभाव पर्ने, पक्राउ परेको व्यक्तिले आफूविरुद्ध लाग्ने सबूद प्रमाणमा हस्तक्षेप गरी नष्ट गर्नसक्ने र निजले समाजमा पुनः अपराध गर्नसक्ने अवस्था देखिएमा थुनामै राखेर तहकीकात गर्नुपर्ने । प्रहरी हिरासतमा नराखी अनुसन्धान हुनसक्ने अवस्थामा प्रहरी हिरासतमा राख्नु औचित्यपूर्ण नदेखिने भनी सोही मुद्दामा व्याख्या भएको छ ।

**<u>अधिकार प्रत्यायोजन सम्बन्धी नेपाल राजपत्रमा प्रकाशित सूचनाः</u>**

हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसंग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन

---

[६] ने.का.प. २०७३ अंक ११ पृष्ठ, २२०५

[७] ने.का.प, २०७० अंक ४, पृष्ठ ४८३ नि.नं. ८९८९

Office of the Attorney General, Nepal

आएमा छानविन गरी त्यस्तो हुनवाट रोक्न सम्वन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार महान्यायाधिवक्तामा रहेको छ । महान्यायाधिवक्ताको उक्त अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्ने पाउन गरी मातहतका सरकारी वकिललाई प्रत्यायोजन गर्न सकिने व्यवस्था पनि संविधानमै उल्लेख छ ।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्तावाट सोही धाराको उपधारा (६) को देहाय (ग) बमोजिम आफूमा निहित अधिकार आफ्नो अधिकारक्षेत्र भित्रका जिल्लाहरुको हकमा सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सह-न्यायाधिवक्ताको हैसियतमा काम गर्ने कर्मचारीले मिति २०७२।०८।०३ देखि प्रयोग र पालना गर्न पाउने गरी सुम्पिईएको छ । परिपत्र अनुसारहिरासतमा रहेको व्यक्तिलाई नेपालको संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र उक्त कार्य सम्पन्न भएपछि त्यस सम्बन्धमा त्रैमासिक रुपमा महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रत्यायोजित अधिकार प्रयोग गर्ने पदाधिकारीलाई दिईएको छ । साथै यस सम्बन्धमा महान्यायाधिवक्ता समक्ष उजूरी वा जानकारी प्राप्त भएको अवस्थामा अन्य आवश्यक व्यवस्था गर्ने महान्यायाधिवक्ताको अधिकारमा यस सूचना बमोजिम अधिकार प्रत्यायोजित भएको बिषयले कुनै असर नपार्ने भन्ने समेत उक्त परिपत्रमा उल्लेख छ ।

<u>**महान्यायाधिवक्ताको कार्यालयबाट जारी निर्देशन**</u>

हिरासतमा रहेका व्यक्तिलाई हिरासतमा रहँदा मानवोचित व्यवहार नगरेको अवस्थामा वा आफन्तसँग भेटघाट गर्न नदिएको अवस्थामा वा आफूले रोजेको कानून व्यावसायीसँग भेटघाट वा सरसल्लाह लिन नदिएमा पुनरावेदन सरकारी वकील कार्यालयमा उजुरी दिन सकिने व्यहोराको सूचना हिरासतमा रहेका व्यक्तिले देख्न वा जानकारी पाउन सक्ने व्यवस्था गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने र सम्वन्धित जिल्ला बार एशोसिएशन र स्थानीय पत्रकार महासंघका पदाधिकारीलाई समेत सोको जानकारी गराउने,त्यस्तो सूचना प्रत्येक सरकारी वकील कार्यालयमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु। अनुगमनको क्रममाहिरासत वा थुनामा राख्ने कार्यालयले उजुरी वा सिकायत पेटिका राखे नराखेको अनुगमन गरी कुनै कार्यालयमा नराखेको पाईए अनुगमनकर्ताले उजुर पेटिका राख्न लगाई त्यसरी राखिएको पेटिकामा हिरासतरथुनामा रहेका व्यक्तिहरुको पहुँच हुनसक्ने व्यवस्था गर्न निर्देशन दिने, सहन्यायाधिवक्ता रहेको जिल्लामा १५ दिनमा एकपटक सो पेटिका सम्बन्धित कार्यालयको रोहवरमा खोली आवश्यक कारवाही गर्ने र अन्य जिल्लाको हकमा जिल्ला न्यायाधिवक्ताले सम्बन्धित कार्यालयको

रोहवरमा उजुरी पेटिका खोली त्यस्ता उजुरीरसिकायत आवश्यक कार्यार्थ सहन्यायाधिवक्ता समक्ष पठाउने व्यवस्था गर्ने भनी निर्देशनमा उल्लेख छ ।

थुनुवा र कैदीलाई कानून व्यावसायीसँगको पहुचलाई सहज बनाउने, कारागार वा हिरासतमा रहेका व्यक्तिहरुलाई कानून व्यावसायीसँग प्रत्येक दिन कार्यालय समय भित्र भेटघाट गर्न दिने व्यवस्था मिलाउन र सो सम्वन्धी अभिलेख राख्ने व्यवस्था गर्न, थुनुवारवन्दीसँग कानून व्यावसायीले गरेको परामर्श वा दिएको सल्लाहको गोप्यता कायम गर्न र थुनुवा वन्दीको तर्फबाट अदालतमा पेश गर्ने निवेदन समेत तयार गर्न सहज वातावरण बनाउनको लागि आवश्यक व्यवस्था गर्नु भनी कारागार व्यवस्थापन विभाग र प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने, हिरासतमा रहेका थुनुवाहरुलाई मानवोचित व्यवहार नभएको, कानून व्यावसायीसँग भेटघाट गर्न नदिएको भन्ने उजुरी पर्न आएमा सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले तत्काल सो को अनुगमन गरी आवश्यक निर्देशन दिने र सो को जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिने बन्ने समेत निर्देशनमा उल्लेख छ ।

यसका अतिरिक्त आफ्नो प्रादेशिक क्षेत्र भित्र रहेको कारागार वा हिरासत कक्षको सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताबाट थुनुवा र बन्दीको स्थितिको सम्वन्धमा अनुगमन तथा निरीक्षण गरी दिएको निर्देशन सहितको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पठाउने,कारागार वा हिरासत कक्ष निरीक्षण गर्दा स्थानीय वार एशोसियशन, स्थानीय प्रशासन र स्थानीय पत्रकार महासंघसँग समन्वय गरी सम्पन्न गर्ने, हिरासत अनुगमनको गर्दा महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित हिरासत अनुगमन निर्देशिका, २०७० ले निर्धारण गरेको विधि र प्रक्रिया पुरा गरी गर्नुपर्ने रयस अघि भएको हिरासत तथा थुनाको अनुगमनमा दिईएका निर्देशन र सोको कार्यान्वयनको अवस्था समेत प्रतिवेदनमा खुलाउनु पर्ने गरी निर्देशन जारी गरिएको छ ।

**<u>महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना</u>**

सरकारवादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने लक्ष्य प्राप्तिको लागि शंकितका आधारभुत अधिकारहरुको संरक्षण गर्ने नीतिमहान्यायाधिवक्ताको कार्यालयको पञ्षवर्षीय रणनीतिक योजनामा समावेश गरिएको छ । रणनीति कार्यान्वयनको लागि जिल्ला सरकारी वकील कार्यालयहरुमा बयान कक्ष र थुनुवा प्रतिक्षा कक्ष निर्माण गर्ने,कार्यालय परिसर र बयान कक्षमा शंकितका अधिकारहरुको बारेमा जानकारीमुलक साइनपोष्ट राख्ने, शंकितलाई कानून व्यवसायीसँग परामर्श र आफन्तसँग भेटघाटका लागि आवश्यक सहयोग गर्ने, बयान गराउदा शंकितका अधिकारका बारेमा जानकारी दिई बयान गराउने कार्यको पूर्ण रुपमा पालना गर्ने, आवधिक एवम् आकस्मिक रुपमा हिरासत

कक्षको अनुगमन गर्ने, हिरासत कक्षको अनुगमनको एकिकृत प्रतिवेदन प्रकाशित गर्ने रदोभाषे सेवा प्रदान गर्ने सम्बन्धी कार्यविधि तयार गरी लागूगर्ने कार्यक्रम रहेका छन् ।

**<u>नेपालका सरकारी वकीलहरुको पहिलो सम्मेलनबाट पारित घोषणापत्र २०७३</u>**

सर्वोच्च अदालतबाट प्रतिपादन गरिएका सिद्धान्तको कार्यान्वयन तथा हिरासतमा रहेका व्यक्ति उपर मानवोचित व्यवहार भए नभएको वा आफन्तसँग भेटघाट गर्न दिए नदिएको सम्वन्धमा अनुगमन गर्नुपर्ने विषयलाई नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनबाट पारितघोषणापत्र, २०७३ को प्रस्तवनामा नै समावेश गरिएको छ ।

**<u>नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३</u>**

फौजदारी मुद्दाको आरोपमा पक्राउ परी हिरासतमा रहेका व्यक्तिलाई आफूले रोजेको कानून व्यावसायीसँग सल्लाह लिन पाउने र कानून व्यावसायीद्वारा पूर्पक्ष गर्न पाउने मौलिक हक प्रत्याभूत गरिएको सन्दर्भमा त्यस्ता व्यक्तिलाई निजले रोजेको कानून व्यवसायीसँग सहजरुपमा भेटघाट गर्नदिने, आफन्तसँग भेटघाट गर्न दिन सहज व्यवस्था मिलाउनु पर्ने संवैधानिक दायित्वप्रति हामी सचेत छौं भनीनेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३ मा प्रतिवद्दता व्यक्त गरिएको छ ।

**<u>हिरासतमा रहेका व्यक्तिहरुलाई कानून व्यवसायीसँग भेटघाट गर्नदिनु भनी महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको परिपत्र</u>**

हिरासतमा रहेका व्यक्तिहरुलाई कानून व्यवसायीसँग भेटघाट गर्नदिनु भनी महान्यायाधिवक्ताको कार्यालयबाट परिपत्र जारी भएको छ । परिपत्रमा सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानको लागि पक्राउ परेका शंकितलाई कानून व्यवसायीसँग परामर्श र आफन्तसँग भेटघाटका लागि आवश्यक सहयोग गर्ने प्रबन्ध गर्न र बयान गराउदा शंकितका अधिकारका बारेमा जानकारी दिई बयान गराउने,हिरासतमा रहेका व्यक्तिलाई कानून व्यावसायीसँग भेटघाट र परामर्श गर्न सक्ने समय, अभिलेख, उपयुक्त स्थान, दोभाषे सेवा उपलव्ध गराउनु पर्ने विषय छ । हिरासतमा रहेका व्यक्तिलाई निःशुल्क कानूनी सहायताको प्रवन्ध,आफन्तसँग भेटघाट, भेटघाट कक्ष, समय निर्धारण,आफन्त परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोन नम्बर समेतको अभिलेखलाई हिरासतमा राखिदिनुपर्ने व्यवस्था पनि परिपत्रमा उल्लेख छ ।

कुनै विदेशी नागरिक हिरासतमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सो को अवसर उपलब्ध गराउने व्यवस्था गर्ने, हिरासतमा रहेका

Office of the Attorney General, Nepal

शंकित व्यक्तिलाई एक ठाँउबाट अर्को ठाँउमा स्थान्तरण गरेको कुरा निजको आफन्तलाई जानकारी गराउने,हिरासत कक्षमा आफन्त र कानूनव्यवसायीसँग टेलिफोन वार्ता हुनसक्ने व्यवस्था गर्ने,बयान गर्दा अनावश्यक दवाव वा यातना नदिइने वा आफ्नो बयान गर्न कर नलगाइने र रोजेको कानून व्यवसायीसँग परामर्श लिन पाउने विषयमा सम्वन्धित निकायले शंकितलाई जानकारी दिने व्यवस्था गर्नुपर्ने विषय समेतलाई परिपत्रमा समेटिएको छ ।

Office of the Attorney General, Nepal

# परिच्छेदः तीन
# तथ्याङ्क संकलन तथा विश्लेषण

## ३.१ हिरासत, तथा कारागार अनुगमनका सूचक र अनुगमनको विवरण

नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम हिरासत तथा कारागार अनुगमन गर्नको लागि महान्यायाधिवक्ताज्यूबाट विभिन्न सरकारी वकीलहरुलाई अधिकार प्रत्यायोजन भै अनुगमन प्रतिवेदन पेश गर्न निधारण **भएका** विभिन्न सूचकहरु (**Checklist**) लाई अनुसूचीमा समावेश गरिएको छ । कारागार तथा हिरासतको निरिक्षण गर्नको लागि संविधान तथा प्रचलित कानून एवं अन्तर्राष्ट्रिय दस्तावेजहरुमा निर्धारण गरिएका अधिकार तथा सुविधाहरु**का** सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट अनुगमन गर्दा विचार गर्नुपर्ने बिषयका सूची (**Checklist**) अनुसार विभिन्न जिल्लाका प्रहरी हिरासत कक्ष र कारागारहरुको अनुगमन गरी प्राप्त प्रतिवेदनहरुलाई प्राथमिक श्रोतको रुपमा लिई विभिन्न तालिकामा प्राप्त विवरण तथ्याङ्क उल्लेख गरी संक्षिप्त विश्लेषण गरिएको छ ।

### आर्थिक वर्ष २०७४/७५ मा हिरासत तथा कारागार अनुगमन गरिएका जिल्लाहरु र अनुगमन गर्ने अधिकारीहरुको विवरण

| हिरासत र कारागार अनुगमन | | | | |
|---|---|---|---|---|
| सि.नं. | अनुगमन गर्ने पदाधिकारी | सहयोगी पदाधिकारी | अनुगमन भएको जिल्ला | कैफियत |
| १. | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी | उपन्यायाधिवक्ता श्री यदुनाथ शर्मा, ना.सु. श्री भरत मैनाली | तनहुँ र कास्की | २०७४।४।६-१० |
| २. | नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम, सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली, ना.सु श्री कृष्णराज जोशी | गुल्मी, अर्घाखाँची, कपिलबस्तु | २०७४।४।७-१३ |
| ३. | नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ता श्री सुरेन्द्र बहादुर थापा | उपन्यायाधिवक्ता श्री यामबहादुर वानियाँ | कन्चनपुर कैलाली, डडेल्धुरा र बाँके | २०७४।४।२२-२९ |
| ४. | माननीय महान्यायाधिवक्ता श्री बसन्तराम भण्डारी, नायब महान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतम | उपन्यायाधिवक्ता श्री केशवप्रसाद पन्त, शाखा अधिकृत श्री उर्मिला जि.सी., बिन्दुकुमारी धामी रावल | रसुवा, नुवाकोट | २०७४।९।०२-०३ |
| ५. | नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ता श्री उद्दवप्रसाद पुडासैनी | उपन्यायाधिवक्ता श्री यामबहादुर बानिया, शाखा अधिकृत श्री बिमला गौतम, ना.सु श्री सुजता आचार्य | नवलपरासी (पुर्व), नवलपरासी (पश्चिम), रुपन्देही, कपिलवस्तु र अघाखाँची | २०७४।९।१३-२० |
| ६. | नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम, सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | शाखा अधिकृत श्री धनश्याम घिमिरे, शाखा अधिकृत श्री ओमप्रकाश बराल | मकवानपुर, बारा, पर्सा र चितवन | २०७४।९।१४-२० |
| ७. | सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला | शाखा अधिकृत श्री डम्बरप्रसाद काफ्ले, शाखा अधिकृत श्री भूमिनन्द खनाल | सुनसरी र धनकुटा | २०७४।९।२३-२९ |

Office of the Attorney General, Nepal

| | | | | |
|---|---|---|---|---|
| ८. | सहन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापा | शाखा अधिकृत श्री श्रीराम खनाल | तेह्रथुम र संखुवासभा | २०७४।१०।१७–२३ |
| ९. | महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल, नायव महान्यायाधिवक्ताद्वय श्री बद्रिप्रसाद गौतम र श्री किरण पौडेल सहन्यायाधिवक्ताद्वय श्री गीता प्रसाद तिम्सिना र श्री सूर्यराज दाहाल | शाखा अधिकृत श्री उर्मिला जि. सी. | काठमाडौको टेकु हिरासत, | २०७४।१२।०४ |
| १०. | सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली | शाखा अधिकृत श्री सविता शर्मा, क.अ. श्री शोभा पनेरु | स्याङ्जा र पाल्पा | २०७४।१२।४-१० |
| ११. | महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल, नायव महान्यायाधिवक्ताद्वय श्री बद्रिप्रसाद गौतम, सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना | | बाँके खुला कारागार | २०७४।१२।०८ |
| १२. | नायव महान्यायाधिवक्ता श्री गणेशबाबु अर्याल, सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | शाखा अधिकृत श्री नुमराज शर्मा खनाल | खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु | २०७५।०१।१९-२५ |
| १३. | नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल, सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना | | लमजुङ, बारलुङ, मुस्ताङ | २०७५।०१।२८– |
| १४. | महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल, नायव महान्यायाधिवक्ताश्री बद्रिप्रसाद गौतम, सहन्यायाधिवक्ता गीताप्रसाद तिम्सिना | | मुगु र जुम्ला | २०७५।२।२०–२३ |

जम्माः ३३ जिल्ला

**हिरासत र कारागार अनुगमन जम्मा जिल्ला ३३ कारागार,३१ अनुगमन प्रतिवेदन प्राप्त २९ हिरासत अनुगमन ४२ अभिलेख नभएको २ गरी जम्मा ४० रहेका।**

Office of the Attorney General, Nepal

## ३.२ संकलित तथ्याङ्क तथा विश्लेषणः

अनुगमन पश्चात प्राप्त हुन आएका ३३ जिल्लाका हिरासत एवं कारागारहरुको अनुगमन सम्वन्धीप्रतिवेदनमा उल्लेख भए वमोजिम कारागार र हिरासतको अनुगमन तथ्याङ्क छुट्टा छुट्टै तालिकामा उल्लेख गरिएको छ।

**(क) कारागार तर्फ**

**तालिका नं.१**

**कारागारको भौतिक अवस्थाः**

| कारागारको नाम | कोठाको संख्या | कोठाको आकार | घाम हावाको प्रवेश | पर्याप्त झ्याल | छतको अवस्था | पुरुष/ महिला कक्ष अलग | थुनुवा/कैदी संख्या | | | बालबालिका साथमा भए नभएका | चर्पी, नुहाउने कक्ष | सरसफाई, रंगरोगन | सुरक्षाको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षमता र संख्या | पुरुष | महिला | | | | |
| कारागार कार्यालय तनहु- अभिलेख प्राप्त नभएको | | | | | | | | | | | | | |
| कारागार कार्यालय कास्की- अभिलेख प्राप्त नभएको | | | | | | | | | | | | | |
| कारागार कार्यालय, तम्घास गुल्मी, | ३ वटा पु.२ र म.१ | ४×३, २×२ | ठिकै | रहेको | ठिकै | अलग अलग | २५ मा ६२ | ५६ | तवे ५ | १ आश्रितबालिका | भएको | रहेको | राम्रो |
| कारागार कार्यालय, तम्घास अर्घाखाची | दुई कक्ष रहेका | | अपर्याप्त | नरहेको | नचुहिने तर जिर्ण | अलग अलग | १० मा २७ जना | ० | - | - | पर्याप्त नभएको | सफाई छ रंरोगन नभएको | राम्रो |
| कारागार कार्यालय कपिलवस्तु | २१ वटा कोठा | विभिन्न आकारका | राम्रो नभएको | नभएको | पुरानो घर ढलान भएको | अलग अलग | २२५ क्षमता | १९४ | | नभएको | भएको तर अपुग रहेको | सामान्य रहेको | राम्रो |
| कारागार कार्यालय कन्चनपुर | १८ वटा कोठा पु-१६ म-२ | विभिन्न आकारका | राम्रो नभएको | नभएको | नाजुक भौतिक अबस्था | अलग अलग | क्षमता पु-७५ म-२० | २४८ | १८ | ४ आश्रित | भएको तर अपुग रहेको | सामान्य रहेको | राम्रो |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय कैलाली | पु. १० म. २ बा. १ | बिभिन्न ३०×८, २४×१६र २६×१७ | ठिकै | एक एक वटा | ढलान पानी नचुहिने | अलग अलग | १५० मा ४०९ | ३८० | २६ | आश्रित ३ जना | भएको | भएको | राम्रो |
| कारागार कार्यालय, डडेल्धुरा | ६ वटा | ५×१६ ८×१० | अपर्याप्त | अपर्याप्त | ठिकै टिनको छाना | अलग अलग | २५ मा ५० | ५० | नभएको | नभएको | पर्याप्त नरहेको | रंग रोगन नभएको | रहेको |
| कारागार कार्यालय बाँके | पु. १५ म. २ | आयात कार वर्गाकार | अपर्याप्त | छैन | सामान्य पानी नचुहिने | अलग | ३०० मा ६४८ | ५७९ | ६६ | आश्रित ३ जना | कैदीको संख्याको अनुपातमा अपर्याप्त | सामान्य रहेको | राम्रो |
| कारागार कार्यालय रसुवा | बिभिन्न आकारका | | पर्याप्त | छ | सामान्य पानी नचुहिने | अलग | ५०मा १०४ जना | ९८ | ७ | आश्रित १ जना | कैदीको संख्याको अनुपातमा अपर्याप्त | सामान्य रहेको | राम्रो |
| कारागार कार्यालय रसुवा | बिभिन्न आकारका | चारकुने | पर्याप्त | छ | पानी नचुहिने | अलग अलग रहेको | ५० मा १५१ | १३५ | १६ | १ जना | अपर्याप्त | रंगरोगन भएको | छ |
| कारागार कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | यस जिल्लामा कारागार स्थापना नभएको | | | | | | | | | | | | |
| कारागार कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | बिभिन्न आकारका कक्षहरु | राम्रो | छ | राम्रो। पानी चुहिँदैन | छ | अलग अलग रहेको | १२५ क्षमता जम्मा ३७९ जना | ३१७ | ६२ | ४ आश्रित | कैदीको संख्याको अनुपात मा अपर्याप्त | सामान्य | छ |
| कारागार कार्यालय रुपन्देही | बिभिन्न आकारका कक्षहरु | | राम्रो नरहेको | नभएको | पुरानो घर ढलान भएको | अलग अलग | १०० मा ४३६ जना | ४३६ | ० | नभएको | भएको तर अपुग रहेको | सामान्य रहेको | राम्रो |
| कारागार कार्यालय, भिमफेदी मकवानपुर | २ वटा ब्लक | विभिन्न आकार, कुनै वर्गाकार | राम्रो छ | छ | राम्रो छ | महिला नरहेको | ५०० मा ८५२ | ८५२ | नरहेको | नरहेको | रहेको | भएको | राम्रो |
| बारा जिल्लामा कारागार कार्यालय नरहेको | | | | | | | | | | | | | |
| कारागार कार्यालय, पर्सा | १३ वटा ब्लक पु.१२ म.१. | विभिन्न आकार, कुनै वर्गाकार | अपर्याप्त | छैन | पानी नचुहिने | रहेको | १५०० मा १२३३ | ११२९ | १०४ | ४ आश्रित | अपर्याप्त | सामान्य | राम्रो |
| कारागार कार्यालय चितवन | पुरुष-५ भवन महिला-४ कोठे भवन | ०-१४-१३ बिगाह | राम्रो | प्रर्याप्त | राम्रो | अलग रहेको | जम्मा सङ्ख्या ५९८ | ५१८ | ५७ | ५ आश्रित | छ | छ | छ |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय सुनसरी | २ वटा विल्डिङ ब्लक रहेको | - | रहेको | राम्रो | राम्रो | पुरुष मात्र | १४१४ | छैन | छैन | छैन | छ | छ | मजबुत छ |
| कारागार कार्यालय , धनकुटा | २वटा फरक भवन | - | रहेको | पुरुषको जिर्ण महिलाको राम्रो | छ | | जम्मा ५२ र १ | ४८ | ४ | १ | छ | परुषको छैन महिलाको छ | सुरक्षीत छ |
| कारागार कार्यालय, तेह्रथुम | पुरुष कक्षमा ३ र महिला कक्षमा १ | कुनै वर्गाकार र कुनै आयताकार | रहेको | नभएको | सामान्य | अलग अलग | २५ | ७९ | ६ | १ | छ | छ | राम्रो छ |
| कारागार कार्यालय,संखुवासभा | पुरुष कक्षमा ३ र महिला कक्षमा १ | आयताकार तथा वर्गाकार | रहेको | नभएको | सामान्य | अलग अलग | २५ | ९९ | ८ | नभएको | छ | छ | राम्रो छ |
| कारागार कार्यालय स्याङ्जा | ३ बटा व्लक | कुनै वर्गाकार | रहेको | रहेको | पानी नचुहिन | अलग अलग रहेको | ५० | १०२ | ८ | नरहेको | चर्पी छ नुवाहुने कक्ष छैन | रहेको | राम्रो छ |
| कारागार कार्यालय, पाल्पा | पुरुष तर्फ १२ र महिला तर्फ ५ | कुनै वर्गाकार | रहेको | नभएको | पानी नचुहिन | अलग अलग रहेको | पुरुष १७५ र महिला १५० | २३० | ६७ | ५ | चर्पी छ नुवाहुने कक्ष छैन | रहेको | राम्रो छ |
| खुला कारागार कार्यालय बाके | प्रयोगमा आइ नसकेकोले कुनै तथ्यांक नभएको | | | | | | | | | | | | |
| कारागार कार्यालय खोटाङ | | विभिन्न आकारका कोठाहरु | राम्रो | छ | राम्रो | अलग छ | पुरुष ३३ र महिला ६६ गरि ९९ | ८० | ९ | ३ | छ | सामान्य | छ |
| कारागार कार्यालय ओखलढूङ्गा | | विभिन्न आकारका कोठाहरु | सामान्य उज्यालो मात्र | छ | सामान्य पानि चुहिने समस्या | अलग छ | पुरुष २० र महिला ५ गरि २५ | ५१ | ६ | नभएको | छ | सामान्य | छ |
| कारागार कार्यालय सोलुखुम्बु | पुरुष तर्फ ३ र महिला तर्फ १ | १२*१४ | पर्याप्त भएको | छ | सामान्य तर पुरुष कक्षकोमा पानि चुहिन | भएको | २५ | ६३ | ४ | नभएको | छ तर पुरुष कक्षमा अपर्याप्त | सामान्य | छ |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, लमजुङ | | २०*१२ का लामा लामा हलहरु | छ | ठिकै भएको | अलिअलि चुहिने | अलग छ | २५ | ६९ | ६ | नभए को | छ | सामा न्य | राम्रो |
| कारागार कार्यालय बाग्लुङ | ६ बटा | २५*८१ २ का लामा लामा हलहरु | छ | सानो | नचुहिने | अलग छ | २५ | ७८ | ११ | नभए को | छ | सामा न्य | राम्रो |
| कारागार कार्यालय मुस्ताङ | पुरुष तर्फ ३ र महिला तर्फ १ | १०* १० को साइज | अपर्याप्त | अपर्याप्त | अलिअलि चुहिने | अलग छ | ५ | ८ | १ | नभए को | छ | सामा न्य | राम्रो |
| कारागार कार्यालय मुगु | भवन निर्माणाधिन अवस्थामा भएको र कारागार प्रयोगमा छैन | | | | | | | | | | | | |
| कारागार कार्यालय जुम्ला | २ बटा कोठाहरु | बर्गाकार साईजका | राम्रो छ | छ | ढलान भएको | अलग छ | २०० जनाको क्षमता रहेकोमा ५४ जना | ५१ जना | ३ | नभए को | छ | राम्रो छ | छ |

माथिको तालिका नं.१ वाट विभिन्न ३३ जिल्लाका २९ वटा कारागारहरुको भौतिक अवस्था अन्तर्गत कारागार कक्षको आकार, क्षमता, संख्या, हावा प्रवेशको अवस्था, पानी चुहिने नचुहिने छतको अवस्था, महिला, पुरुष, बालबालिका साथमा रहे नरहेका, कारागारमा चर्पी, नुहाउने, धुने स्थान, सरसफाई एवं सुरक्षा व्यवस्था जस्ता कुराहरुलाई निर्धारित **Checklist** अनुसार अनुगमन गरिएको देखिन्छ ।अनुगमन गरिएका २९ वटा कारागारहरुमा कैदी थुनुवाको संख्या ७९०९ जना रहेको र ती कारागारहरुको जम्मा क्षमता ४३०८ रहेको देखिन्छ।विवरण हेर्दा क्षमताभन्दा करीब दुई गुना बढी कैदी थुनुवाहरु रहेको देखियो । कारागारमा रहेका कूल कैदी/थुनुवामा ७४०९ जना पुरुष, ४६४ जना महिला रहेकोमा कैदी/थुनुवाका आश्रित रहेका नाबालक संख्या ३६ जना रहेको देखिन्छ । उल्लेखित तथ्याङ्कको अध्ययन गर्दा कन्चनपुर रुपन्देही लगायतका जिल्लामा क्षमता भन्दा बढी कैदी र थुनुवा रहेको पाइयो भने मुस्ताङ, अर्घाखाची लगायतका जिल्लाहरुमा क्षमता भन्दा कम कैदी/थुनुवाहरु रहेको पाइयो । नवलपरासी बर्दघाट सुस्ता पूर्व र बारा जिल्लामा मा कारागार कार्यालय नभएको तथा मुगु जिल्लामा नयाँ भवन र बाँकेमा खुला कारागार निर्माणाधिन रहेको पाइयो ।

Office of the Attorney General, Nepal

## तालिका नं.२.

### खाना, सिधा तथा आरामको व्यवस्था

| कारागारको नाम | सिधाको उपलब्धता | खानाको पटक | पानीको व्यवस्था | खाना/पानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, विस्तारा, झुल रहे नरहेको |
|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, तनहु | अभिलेख नभएको | | | | | | | | |
| कारागार कार्यालय, कास्की | अभिलेख नभएको | | | | | | | | |
| कारागार कार्यालय, गुल्मी | नियमानुसार | २पटक | ठीकै भएको | स्तरीय भएको | छ | छैन | छैन | छैन | विस्तारा मात्र रहेको खाट र झुल छैन |
| कारागार कार्यालय, तम्घास अर्घाखाची | नियमानुसार | २पटक | राम्रो भएको | राम्रो भएको | छ | छैन | छैन | छैन | विस्तारा मात्र रहेको खाट र झुल छैन |
| कारागार कार्यालय, कपिलवस्तु | नियमानुसार | २पटक | छ | राम्रो छ। | सुत्केरी छैनन् | छ | छ | छ | छ |
| कारागार कार्यालय, कन्चनपुर | नियमानुसार | २पटक | सामान्या | सामान्य | भए दिने गरेको | छ | छ | छैन | छैन |
| कारागार कार्यालय, कैलाली | नियमानुसार | २पटक | सामान्या | सामान्य | भए दिने गरेको | छ | छ | छैन | छैन |
| कारागार कार्यालय, डडेल्धुरा | नियमानुसार | २पटक | सामान्य | सामान्य | भए दिने गरेको | छ | छ | ठिकै | छैन |
| कारागार कार्यालय,बाँके | नियमानुसार | २पटक | सामान्य | सामान्य | भए दिने गरेको | छैन | छैन | छैन | छैन |
| कारागार कार्यालय,रसुवा | नियमानुसार | २पटक | सामान्य | सामान्य | छैन | छ | छैन | पर्याप्त | खाट र झुल छ |
| कारागार कार्यालय, नुवाकोट | नियमानुसार | २पटक | प्रयाप्त नभएको | राम्रो छ | छैन | छ | छैन | पर्याप्त | खाट र झुल छैन, फ्ल्याक ओछ्याएको |
| कारागार कार्यालय, नवलपरासी बर्दघाट सुस्ता पूर्व | हाल सम्म कारागार स्थापना नभएको | | | | | | | | |
| कारागार कार्यालय, नवलपरासी बर्दघाट सुस्ता पश्चिम | नियमानुसार | २पटक | छ | ठिकै | छ | छ | छैन | अपर्याप्त | छैन |
| कारागार कार्यालय,रुपन्देही | नियमानुसार | २पटक | छ | सामान्य | छैन | छ | छैन | अपर्याप्त | झुल र खाट छैन। म्याट राखिएको |
| कारागार कार्यालय, मकवानपुर, भिमफेदी | नियमानुसार | २पटक | प्रयाप्त भएको | राम्रो स्वस्थकर | - | स्थान रहेको | छैन | छ | छ |

Office of the Attorney General, Nepal

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बारा जिल्लामा कारागार कार्यालय नरहेको | | | | | | | | | |
| कारागार कार्यालय, पर्सा | नियमानुसार | २पटक | प्रयाप्त भएको | राम्रो र स्वस्थकर | दिने गरेको | छ | छैन | छ | छ |
| कारागार कार्यालय, चितवन | नियमानुसार | २पटक | प्रयाप्त भएको | राम्रो र स्वस्थकर | दिने गरेको | छ | छैन | छ | छ |
| कारागार कार्यालय, सुनसरी, झुम्का | नियमानुसार | २पटक | प्रयाप्त भएको | राम्रो र स्वस्थकर | - | छ | छैन | छ | सबै ठाउमा खाट छैन तर बिस्तरा छ । |
| कारागार कार्यालय, धनकुटा | नियमानुसार | २पटक | छ | राम्रो | - | छ | छैन | छ | सबै ठाउमा खाट छैन तर बिस्तरा छ । |
| कारागार कार्यालय, तेह्रथुम | नियमानुसार | २पटक | छ | सामान्य | दिने गरेको | छ | छैन | छैन | सबै ठाउमा खाट छैन तर बिस्तरा छ । |
| कारागार कार्यालय, संखुवासभा, खाँदवारी | नियमानुसार | २पटक | छ | सामान्य | भएमा दिने गरेको | छ | छैन | छैन | सबै ठाउमा खाट छैन तर बिस्तरा छ । |
| कारागार कार्यालय,स्याङ्जा | नियमानुसार | २पटक | पर्याप्त रहेको | स्वस्थकर | आवश्यक नपरेको | स्थान रहेको | स्थान रहेको | सन्तोष जनक | विस्तारा,पंखा रहेको |
| कारागार कार्यालय, पाल्पा | नियमानुसार | २पटक | पर्याप्त छैन | स्वस्थ्यकर | दिने गरेको | स्थान रहेको | स्थान रहेको | सन्तोष जनक | विस्तारा, झ्यालमा जाली रहेको |
| खुला कारागार कार्यालय,,बाके | प्रयोगमा नआएको | | | | | | | | |
| कारागार कार्यालय,खोटाङ | नियमानुसार | २पटक | छ | सामान्य | नियमानुसार | छ | छ | पर्याप्त | छ |
| कारागार कार्यालय,ओखलढुङ्गा | नियमानुसार | २पटक | छ | सामान्य | नियमानुसार | छ, पुरुष कक्षको साँघुरो | छैन | पुरुष कक्षमा अपर्याप्त | छ |
| कारागार कार्यालय, सोलुखुम्वु | नियमानुसार | २पटक | छ | सामान्य | नियमानुसार | छ, पुरुष कक्षको साँघुरो | छैन | पुरुष कक्षमा अपर्याप्त | छ |
| कारागार कार्यालय, लमजुङ | नियमानुसार | २पटक | पर्याप्त नभएको | सामान्य | | छ | नभएको | छैन | विस्तारा छ खाट नभएको |
| कारागार कार्यालय,,बागलुङ | नियमानुसार | २पटक | अभाव छ | सामान्य | | छ | नभएको | छैन | विस्तारा छ खाँट सवैलाइ नभएको |
| कारागार कार्यालय,मुस्ताङ | नियमानुसार | २पटक | छ | सामान्य | | छैन | छैन | अपर्याप्त | विस्तारा छ खाट नभएको |
| कारागार कार्यालय, मुगु | भवन निर्माणाधिन अवस्थामा भएको र कारागार प्रयोगमा छैन | | | | | | | | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, जुम्ला | नियमानुसार | २पटक | नपुग भएको | राम्रो छ | नभएको | एक एक बटा | छैन | छ | छ |

माथि तालिका नं.२. मा उल्लेखित विवरण अनुसार कारागारमा रहेका कैदी थुनुवाहरुले सिधा खर्च वापत नियमानुसार खाद्यान्न र नगद प्राप्त गरी दिनमा २ पटक खाना खाने गरेको देखिन्छ । महिला कैदीहरुले सुत्केरी भएको अवस्थामा कानुन बमोजिम प्राप्त गर्ने थप सुविधा समेत प्राप्त गर्ने गरेको पाईयो । कारागारहरुमा पानीको समस्या खासै नरहेकोले खाना र पानीको अवस्था सन्तोषजनक देखियो । प्राय सबै कारागारहरुमा शयन कक्ष अलग नरहेको तर भान्सा कक्ष अलग रहेको एवम् धेरैजसो कारागारमा स्थानको अपर्याप्तता रहेको, झुल तथा खाटको व्यवस्था नभएको रअधिकांशमा सुत्नको लागि विस्तारा मात्र उपलब्ध भएको पाइन्छ ।

## तालिका नं.३

### ३. स्वास्थ्य जांच र औषधोपचार

| कारागारको नाम | स्वास्थ्यकर्मीको दरबन्दी र कार्यरत | जांच तथा उपचार कक्ष | औषधीको उपलब्धता | विरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुना पुर्व र मुक्त हुंदा स्वास्थ्य जांच |
|---|---|---|---|---|---|---|
| कारागार कार्यालय ,तनहु | अभिलेख नरहेको | | | | | |
| कारागार कार्यालय कास्की | अभिलेख रहेको | | | | | |
| कारागार कार्यालय, तम्घास गुल्मी | अ.हे.ब. को व्यवस्था रहेका` तर रिक्त | छैन | छ | - | आवश्यकता अनुसार बाहिर लगी उपचार गर्ने गरिएको | थुना पुर्व मात्र |
| कारागार कार्यालय, तम्घास,अर्घाखाची | सि.अ.हे.ब. को दरबन्दी रहेकोमा कार्यरत रहेको | छैन | छ | हाल बिरामी नरहेका | आवश्यकता अनुसार बाहिर लगी उपचार गर्ने गरिएको | थुना पुर्व मात्र |
| कारागार कार्यालय , कपिलवस्तु | सि.अ.हे.ब. को दरबन्दी रहेकोमा कार्यरत रहेको | छ | छ | हाल बिरामी नरहेका | आवश्यकता अनुसार बाहिर लगी उपचार गर्ने गरिएको | थुना पुर्व मात्र |
| कारागार कार्यालय, कन्चनपुर | सि.अ.हे.ब. को व्यवस्था रहेको | छैन | छ | - | आवश्यकता अनुसार सरकारी अस्पतालमा लगी उपचार गरिने | थुना पुर्व मात्र |
| कारागार कार्यालय, तम्घास कैलाली | सि.अ.हे.ब. को व्यवस्था रहेको | छैन | छ | सामान्य बिरामी | आवश्यकता अनुसार सरकारी अस्पतालमा लगी उपचार गरिने | थुनुवा पुर्व मात्र |
| कारागार कार्यालय डडेल्धुरा | अ.हे.ब. को दरबन्दी रहेकोमा १ जना | नभएको | छ | सामान्य बिरामी | आवश्यकता अनुसार सरकारी अस्पतालमा लगी उपचार गरिने | थुना पुर्व मात्र |
| कारागार कार्यालय, बाँके | ` सि.अ.हे.व. को व्यवस्था रहेको | छैन | छ | सामान्य बिरामी | आवश्यकता अनुसार सरकारी अस्पतालमा लगी उपचार गरिने | थुना पुर्व मात्र |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कारागार कार्यालय , रसुवा | छ | छैन | सामान्य | बिरामी नरहेको | आवश्यकता अनुसार सरकारी अस्पतालमा लगी उपचार गरिने | थुना पुर्व मात्र |
| कारागार कार्यालय, नुवाकोट | छ | छैन | सामान्य | बिरामी नरहेको | आवश्यकता अनुसार सरकारी अस्पतालमा लगी उपचार गरिने | थुना पुर्व मात्र |
| कारागार कार्यालय, नवलपरासी बर्दघाट सुस्ता पुर्व | कारागार स्थापना न भैसकेको | | | | | |
| कारागार कार्यालय , नवलपरासी बर्दघाट सुस्ता पश्चिम | छ | छैन | पर्याप्त छैन | दिर्घरोगी समेत जना २ | आवश्यकता परेमा | थुना पुर्व मात्र |
| कारागार कार्यालय रुपन्देही | छ | छैन | सामान्य औषधी उपलब्ध | एच आइ भी पीडित २ जना | आवश्यकता अनुसार बाहिर लगी उपचार गर्ने गरिएको | थुना पुर्व मात्र |
| कारागार कार्यालय, मकवानपुर, भिमफेदी | छ | छ | छ | - | आवश्यकता अनुसार बाहिर लगी उपचार गर्ने गरिएको | थुना पुर्व मात्र |
| बारामा कारागार नरहेको | | | | | | |
| कारागार कार्यालय, पर्सा | छ | छैन | आबश्यकता अनुसार हुने गरेको | छैन | मिलाउने गरेको | थुना पुर्व मात्र |
| कारागार कार्यालय, चितवन | छ | छ | आबश्यकता अनुसार हुने गरेको | क्यान्सर बिरामी ३ जना | मिलाउने गरेको | थुना पूर्व मात्र छ |
| कारागार कार्यालय, सुनसरी, झुम्का | कार्यरत छ १ जना अहेव | छ | छ | केही गम्भिर प्रकृतिका तथा मानसिक बिरामी छन | आवश्यक परेमा नजिकको अस्पतालमा लैजाने गरेको | हुने गरेको |
| कारागार कार्यालय धनकुटा | कार्यरत छ १ जना अहेव | छैन | अस्पतालबाट खरिद गर्नुपर्ने | हाल गम्भिर प्रकृतिको बिरामी नभएको | आवश्यक परेमा नजिकको अस्पतालमा लैजाने गरेको | हुने गरेको |
| जिल्ला कारागार कार्यालय, तेह्रथुम | सि.अ.हेव दरवन्दी छ तर हाल रिक्त | नभएको | आवश्यक परेमा ल्याइने | सामान्य | आवश्यक परेमा वाहिर अस्पताल लगिने | थुना पूर्व हुने गरेको र मुक्तगर्दा पनि गर्न निर्देशन दिएको |
| कारागार कार्यालय, खाँदवारी | सिअहेव कार्यरत छ | नभएका | आवश्यक परेमा ल्याइने | सामान्य | आवश्यक परेमा वाहिर अस्पताल लगिने | थुना पूर्व हुने गरेको र मुक्त गर्दा पनि गर्न निर्देशन दिएको |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, स्याङ्जा | हेल्थ असिस्टेन्टको दरवन्दी छ | भएका | हुने गरेको | खासै विरामी नभएका | मिलाउने गरेको | मुक्त हुँदा नगर्ने गरेको |
| कारागार कार्यालय, पाल्पा | अहेव दरवन्दी छ | भएका | हुने गरेको | एक जना एचआइभि पोजेटिभ समेत रहेका | मिलाउने गरेको | हुने गरेको |
| खुला कारागार बाके | प्रयोगमा नभएको | | | | | |
| कारागार कार्यालय,खोटाङ | स्वास्थ्य कर्मीको दरवन्दी छ | भएका | सामान्य औषधि उपलब्ध छ | विरामी नभएको | सरकारी अस्पतालमा लगिने | थुनापूर्व हुने |
| कारागार कार्यालय,ओखलढुङ्गा | स्वास्थ्य कर्मीको दरवन्दी रिक्त छ | नभएका | सामान्य औषधि उपलब्ध छ | विरामी नभएको | सरकारी अस्पतालमा लगिने | थुनापूर्व हुने |
| कारागार कार्यालय, सोलुखुम्बु | स्वास्थ्य सहायक १ जना दरवन्दी छ | नभएका | सामान्य औषधि उपलब्ध छ | विरामी नभएको | सरकारी अस्पतालमा लगिने | थुनापूर्व हुने |
| कारागार कार्यालय, लमजुङ | सिअहेव १जना | नभएका | सामान्य औषधि उपलब्ध छ | विरामी नभएको | सरकारी अस्पतालमा लगिने | नभएका |
| कारागार कार्यालय ,बाग्लुङ्ग | हे.अ. १ जना कार्यरत | नभएका | सामान्य औषधि उपलब्ध छ | विरामी नभएको | सरकारी अस्पतालमा लगिने | थुनापूर्व हुने र थुना मुक्तमा गर्न निर्देश |
| कारागार कार्यालय, मुस्ताङ | | नभएका | सामान्य औषधि उपलब्ध छ | विरामी नभएको | सरकारी अस्पतालमा लगिने | थुनापूर्व हुने |
| कारागार कार्यालय, मुगु | भवन निर्माणाधिन अवस्थामा भएको र कारागार प्रयोगमा छैन | | | | | |
| कारागार कार्यालय, जुम्ला | हे.अ. १ जना कार्यरत | छ | सामान्य औषधि उपलब्ध छ | विरामी नभएको | सरकारी अस्पतालमा लगिने | थुनापूर्व हुने |

तालिका नं. ३ मा उल्लेखित भएको विवरण अनुसार अनुगमन गरिएका प्राय कारागारहरुमा स्वास्थ्य कर्मीको दरवन्दी रहेपनि अधिकांशमा पदपूर्ति नभएकोले पाइन्छ नियमित स्वास्थ्य जाँच हुने अवस्था देखिंदैन। त्यस्तै अधिकांश कारागारहरुमा स्वास्थ्य जाँच गर्ने कक्ष अलग नरहेको र थुनामा रहेको अवस्थामा पुर्व स्वास्थ्य जाँच गर्ने गरेको भएता पनि थुनावाट मुक्त हँदा स्वास्थ्य जाँच गर्ने गरेको पाइदैन। सामान्य औषधीको उपलव्धता कारागार भित्रै हुने देखिन्छ । अनुगमनको समयमा कारागारहरुमा गम्भीर प्रकृतिका विरामीहरुमा रहेको देखिदैन । कारागारमा रहेका कैदी /थुनुवाहरुलाई आवश्यकता अनुसार थप उपचार हुने गरेको पाइन्छ ।

Office of the Attorney General, Nepal

**तालिका नं. ४**

# पुस्तकालय तथा मनोरञ्जनको अवस्था

| कारागारको नाम | पत्रपत्रिका को उलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्यायामशाला/ खेलकूद मैदान | शिपमूलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | संचार सम्पर्क | थप शिक्षाको अवसर |
|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, तनहु | अभिलेख नभएको | | | | | | | |
| कारागार कार्याल, कास्की | अभिलेख नभएको | | | | | | | |
| कारागार कार्यालय, तम्घास गुल्मी | छ | छ | छ | साघुरो | मुढा, ढाका, सल बुन्ने | छ | छ | आवश्यकता अनुसार नभएको |
| कारागार कार्यालय, तम्घास अर्घाखाची | छ | छ | छैन | छैन | मुढा बुन्ने | छैन | छ | छ |
| कारागार कार्यालय, कपिलवस्तु | छ | छ | छ | छैन | छैन | छ | छ | छ |
| कारागार कार्यालय, कन्चनपुर | छैन | छ | छकानुनका किताब छैन | ब्याडमिण्टन र भलिबल छ | छैन | छैन | छ | छैन |
| कारागार कार्यालय कैलाली | छैन | टेलिभिजन प्रत्येक कोठामा | कानुनका किताब छ | छैन | छैन | छैन | छ | छैन |
| कारागार कार्यालय, डडेल्धुरा | छैन | छ | कानुनका किताब छ | छैन | छैन | छैन | छ | छैन |
| कारागार कार्यालय बाँके | स्थानीय पत्रिकाभएको | छ | छ | छैन | छैन | छैन | छ | छैन |
| कारागार कार्यालय रसुवा | छ | छ | छ | खेलकुदका लागि छ | छैन | सीमित छ | छ | छैन |
| कारागार कार्यालय, नुवाकोट | छ | छ | छ | खेलकुदका लागि छ | छैन | सीमित छ | छ | छैन |

Office of the Attorney General, Nepal

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, नवलपरासी बर्दघाट सुस्ता पुर्व | कारागार स्थापना नभएको | | | | | | | |
**१२.शिक्षा र तालिमको व्यवस्थाः** कारागार र हिरासत सुधार गृहको रुपमा हुनु पर्ने हुदा कारागार र हिरासतमा रहेका कैदीहरूको लागि औपचारिक शिक्षा तथा शिपमूलक तालिम व्यवस्थापन गरिदिन आवश्यक छ । हिरासत र कारागारमा रहेका उर्जाशील  जनशक्तिलाई रोजगारमूलक तथा व्यावसायिक तालिमको व्यवस्था गरी शीपमूलक कार्यबाट आय आर्जन गर्न सक्ने बनाउने । उत्पादन गरेका सामग्रीको विक्री वितरणको लागि बजारको व्यवस्था, कच्चा पदार्थको सहज आपूर्तिको व्यवस्था अनुशासन, आचरण र चरित्र सुधारका विषयमा आध्यात्मिक, वौद्दिक एवं सबै प्रकारका ज्ञान प्राप्तिको व्यवस्था गर्नु आबश्यक छ ।

Office of the Attorney General Nepal

**१३.सवारी साधनको व्यवस्थाः** कारागारहरूमा थुनुवाहरूलाई अदालतमा ल्याउन लैजान, विरामी हुँदा अस्पताल पुर्‍याउन सवारी साधनको समुचित व्यवस्था देखिंदैन।भएका सवारी साधन पनि मर्मत संभार र इन्धनको अभावमा प्रयोग विहिन अवस्थामा रहेको पाइदा प्रत्येक कारागारमा पर्याप्त इन्धन सहितको उपयुक्त सवारी साधनको उपलव्ध हुनु आवश्यक छ ।

**१४. भेटघाट कक्षको र अभिलेखको व्यवस्थाः** थुनुवा राख्ने प्रत्येक कार्यालयले भेटघाट गरेको देखिने र निजहरूले एक आपसमा गरेको कुरा अरुले सुन्न नसक्ने गरी अलगै भेटघाट कक्षको व्यवस्था गर्नुपर्ने। यसैगरी थुनुवा तथा कैदीलाई भेट्न आउने आफन्त, परिवार तथा कानून व्यवसायीहरूले भेट गर्न आएको समय, मिति समेत उल्लेख गरी अभिलेख राख्ने व्यवस्था गरिनु आबश्यक छ।

**१५. पाठ्य सामग्रीको प्रवन्धः** कारागार र हिरासतमा रहेका कैदी र थुनुवाका लागि पत्रपत्रिका र पुस्तकहरू पर्याप्त मात्रामा रहेको पाइएन। थुनुवा र कैदीको शैक्षिक विकास र उनीहरूको सुसूचित हुन पाउँने अधिकारको प्रत्याभूतिका लागि प्रत्येक थुनुवा र कैदी रहने स्थानमा पुस्तकालय वा पत्रपत्रिका अध्ययन गर्ने स्थान नियमित रुपमा पत्रपत्रिका उपलव्ध हुने प्रवन्ध गरिनु पर्दछ ।

**१६. भौतिक प्रमाण परीक्षण समयमै गर्न विधि बिज्ञान प्रयोगशाला स्थापनाः** अनुसन्धानको क्रममा बिधि विज्ञान प्रयोगशालाहरूमा परीक्षण गर्न पठाएका भौतिक प्रमाणको समयमै परीक्षण भै आउन लामो समय लाग्ने भएकोले अनुसन्धानको क्रममा लामो समय हिरासतमा रहनु पर्ने मुद्धाको कारवाहि समेत लम्वीने अवस्था देखिएकोले बिधि विज्ञान प्रयोगशालाहरू प्रत्येक प्रदेशमा कम्तीमा एक एक वटा स्थापना गर्नु अनिवार्य छ ।

**१७. कैद छुट सम्बन्धी व्यवस्थामा पारदर्शिता कायम गर्नेः** कैद छुटको सुविधा दिने सम्वन्धमा एकरुपता कायम गर्ने र सो सम्वन्धमा समयमै निर्णय गरी सम्वन्धित व्यक्तिलाई जानकारी दिई कैद छुट सम्वन्धी विषयलाई व्यवस्थित र पारदर्शी बनाउनु पर्दछ ।

**१८. थप बालसुधार गृहको स्थापना र स्तरोन्नतिः** मुलुकी अपराध संहिताले अठार वर्ष मुनिका लाई वालवालिकाको परिभाषामा समेटेको हुंदा अव १८ वर्ष भन्दा कम उमेरका वालवलिकालाई पनि बाल सुधारगृहमा राख्नु पर्ने अवस्था भएकोले प्रत्येक प्रदेशमा कम्तिमा एक एक वटा वाल सुधार गृह स्थापना गर्ने। साथै हाल देशभर संचालनमा रहेका वालसुधार गृहमा रहेका वालवालिकाको संख्या हेर्दा प्रत्येक वाल सुधार गृहमा एउटा माध्यमिक विद्यालयको लागि चाहिने विद्यार्थी संख्या पुग्ने देखिन्छ । यसर्थ सरकारले प्रत्येक वाल सुधार गृहमा कक्षा ८ देखि १२ कक्षासम्म अध्यापन गराईने गरी कक्षा संचालन गर्ने, पाठ्यक्रममा व्यवसायिक, सीपमूलक र चरित्र सुधार जस्ता विषय समावेश गर्ने र वाल सुधार गृहको स्तरोन्नति गरी बालसुधारगृहलाई नमूना विद्यालयको रुपमा परिणत गर्नु उचित देखिन्छ ।



Office of the Attorney General, Nepal

**१९. कार्यविधि र निर्देशिकाको पुनरावलोकन गर्नेः** कारागार व्यवस्थापन कार्यविधि निर्देशिका, २०६१ मा उल्लेखित चौकिदार, नाइके, सहनाइकेको नियुक्ति सम्बन्धी व्यवस्था उपर पनि विभिन्ने टिका टिप्पणी रहेकोले सो को पुनरावलोकन गर्न जरुरी छ ।

**२०. थुनुवा तथा कैदी मैत्री व्यवहार गर्नेः** कारागार प्रशासन तथा प्रहरी कर्मचारीहरूबाट थुनुवा तथा कैदीहरू प्रति गरिने व्यवहार र बोलिचाली मैत्रीपुर्ण हुनु आवश्यक छ । हिरासत र कारागारका जनशक्तिलाई थुना तथा कैदमा परेका व्यक्तिको अधिकार, उनीहरू प्रति गरिनु पर्ने मानवोचित व्यावहारका बारेमा प्रशिक्षित गराउनु जरुरी देखिन्छ । कारागार प्रमुख र सुरक्षा प्रमुखले कम्तिमा हप्ताको दुई पटक सबै कैदी र थुनुवाहरूसँग भेटघाट गर्ने र सबै कक्षहरूको निरीक्षण गर्न उपयुक्त हुन्छ ।

**२१. उजुरी पेटिकाको व्यवस्था र उजुरीको सुनुवाइः** कैदी र हिरासतमा रहेकाहरूको मानव अधिकारको उल्लङ्घन भए नभएको, उनीहरूलाई मानवोचित व्यवहार गरिए नगरिएको सम्बन्धमा महान्यायाधिवक्ता समक्ष उजुरी गर्नका लागि सबै कारागार र हिरासत कक्षमा कैदीहरूको पहुँच हुने गरी उजुरी पेटिका राख्ने र कम्तिमा प्रत्येक पन्ध्र दिनमा सम्बन्धित सरकारी वकीलका रोहबरमा सो उजुर पेटिका खोली त्यस्तो उजुरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था गर्नु पर्ने व्यवस्था प्रभावकारी रुपमा लागु गर्ने ।

**२२. नियमितरुपमा अनुगमन गर्नुपर्ने तथा निर्देशनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन र सार्वजनिकीकरणः**: कारागार तथा हिरासतको उच्च सरकारी वकील कार्यालयबाट नियमितरुपमा कम्तिमा वर्षमा एक पटक अनुगमन गरी महान्यायाधिवक्ताको कार्यालयमा प्रतिवेदन पठाउनु पर्ने । सरकारी वकील कार्यालयबाट दिएका निर्देशनको बारेमा सम्बन्धित कैदी र बन्दीलाई समेत जानकारी दिने । दिएका निर्देशनको कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्ने। बर्षको कम्तिमा दुई पटक सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी सो को प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नु उपयुक्त हुने।

**२३.न्यायमा पहुँच सम्वन्धी व्यवस्थाः**: वैतनिक वकीलको कारागार र हिरासतमा सहज पहुँच हुने व्यवस्था गर्ने । आवश्यकता अनुसार दुई सय जना भन्दा बढी थुनुवा र कैदीहरू भएको कारागारमा १ जना कानूनी सहायता अधिकृतको व्यवस्था गरी नियमित रुपमा कानूनी विषयमा जानकारी दिन र कैदी बन्दी सँग नियमित भेटघाट गर्न पाउने प्रवन्ध गराउने । मुद्दाको कारवाहीमा शीघ्रता र कारवाहीको जानकारी समयमै पाउने व्यवस्था गर्ने ।

**२४.सी. सी. टि. भि. व्यवस्था र सुरक्षा तथा उद्दार सम्बन्धी कार्यनिर्देशिका बनाई लागू गर्नुपर्नेः** हिरासत तथा कारागारहरूमा सि. सि. टिभी क्यामरा र सूचना प्रवीधि सम्वन्धित उपकरण जडान गर्नु



Office of the Attorney General, Nepal

आवश्यक छ। यसवाट कारागार भित्रका गतिविधिको निगरानी सहज हुन्छ। कारागार तथा हिरासतमा अकल्पनीय दुर्घटना वा विपत्तिको समयमा प्रभावकारी उद्धार योजना सहितको व्यवस्थापकीय कार्य जरुरी भएकाले नेपाल सरकारले सुरक्षा तथा उद्धार सम्बन्धी कार्यनिर्देशिका बनाई लागू गर्नुपर्ने र सम्बन्धित कर्मचारीहरूलाई सो सम्वन्धी आवश्यक तालीम दिन आवश्यक छ।

**२५.** सामुदायिक सेवा र खुला कारागारको अबधारणा व्यवहारमा ल्याउन यथाशीघ खुला कारागारको निर्माण सम्पन्न गर्नु पर्ने ।

**२६** महिला कैदी/बन्दीको लागि प्रसुती स्याहार र शिशु स्याहारका लागि र जेष्ठ नागरिकलाई थप विशेष सुविधाको व्यवस्था गर्नु पर्ने ।

२७. बिशेष प्रकृतिका मुद्दामा पक्षको पहिचान गोप्य राखिने निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि कारागार प्रशासनका जनशक्तिलाई प्रशिक्षण प्रदान गर्नुपर्ने।

**२८.** कैदी र बन्दीले पालना गर्नुपर्ने आचारसंहिता प्रष्ट बुझिने र देखिने स्थानमा राख्न, संविधानद्वारा प्रत्याभूत न्याय सम्बन्धी हक र कैदी बन्दीका अधिकारको बारेमा साइनपोष्ट तयार गरी सबै कारागार तथा हिरासत कक्षमा राख्ने आवश्यक व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**२९. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को प्रभावकारी कार्यान्वयनः**

यस ऐनले कसूरदारलाई निजले गरेको कसूर, निजको उमेर, आचरण, कसूर गर्दाको परिस्थिति, कसूर गर्दा अपनाएको तरिका समेतलाई विचार गरी छ महिनासम्म कैद सजाय भएकोलाई अन्य अवस्था हेरी सामुदायिक सेवा गर्न आदेश दिन सक्ने (दफा २२), दुई बर्ष वा सो भन्दा कम कैदको सजाय भएकोलाई अन्य अवस्था हेरी सुधारगृहमा पठाउन सकिने (दफा २५), लागू औषध वा अन्य दुर्व्यसनी र शारिरीक वा मानसिक रूपमा दुर्वलताबाट पीडित कसूरदारलाई अवस्था हेरी पुनर्स्थापना केन्द्रमा पठाउन सकिने (२६), कैद सजाय निलम्बन गर्न सकिने, सुधार गृहमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रिकालिन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने,खुल्ला कारागारमा राख्न सकिने, कैद बापत शारीरिक श्रममा लगाउन सकिने, कारागार बाहिर जान दिन सकिने, प्यारोलमा राख्न सकिने, कैद कट्टा हुन सक्ने नयाँ कानूनी व्यवस्था गरेको।

सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्ड महान्यायाधिवक्ताको अध्यक्षतामा र प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा (दफा ३८, ३९) गठन हुने तथा नेपाल सरकारले सामुदायिक सेवा वा पुनरुथापना कार्यमा काम गरेका व्यक्तिलाई प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत

Office of the Attorney General, Nepal

नियुक्त गर्न वा तोक्न सक्ने गरी नयाँ व्यवस्था  गरेको हुँदा यी नयाँ व्यवस्थाको कार्यान्वयन गर्न आबश्यक नीतिगत, कानूनी र संस्थागत तयारी यथाशीघ्र गर्ने ।

## ४.४. निष्कर्ष

राज्यले समाजमा शान्ति सुव्यवस्था कायम गर्दै जनधनको सुरक्षा गर्नको निमित्त अपराधको अनुसन्धानको सिलसिलामा शंकित व्यक्तिलाई कानून बमोजिम हिरासतमा लिने, मुद्दा पूर्पक्षको क्रममा थुनामा राख्ने र अदालत वा न्यायिक निकायबाट कसूरदार  ठहर भएपछि कानून बमोजिम फैसला कार्यान्वयनको लागि कारागारमा राख्ने कार्य फौजदारी न्याय प्रशासनभित्रका अभिन्न प्रकृया हुन् ।

महान्यायाधिवक्ताको कार्यालय कार्यालयबाट समय समयमा गरिने अनुगमनबाट कारागारमा रहेका थुनुवा/कैदीहरुको मानव अधिकारको संरक्षणमा केहि हदसम्म सहयोग पुगेको छ ।हालका पछिल्ला दिनहरुमा कारागारको भौतिक अवस्था ,थुनुवा/कैदीहरुको लागि आवश्यक पर्ने न्यूनतम सुविधा,थुनुवा/कैदीहरुको मानसिकता लगायतका विषयमा सुधार भएको देखिन्छ । अझैपनि कारागार कार्यालयहरुमा विविध समस्याहरु विद्यमान छन । थुनुवा/कैदीहरुका अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेज ,राष्ट्रिय कानूनी व्यवस्था ,सर्वोच्च अदालतबाट समय समयमा भएका निर्णय बमोजिम थुनुवा/कैदीहरुका अधिकारको प्रत्याभूति हुनु जरुरी देखिन्छ ।अनुगमनबाट कारागार कार्यालयहरुलाई सुधार गृहको रुपमा स्थापना गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा न्यायिक समाजको निर्माण गर्नमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

विद्यमान कारागार तथा हिरासतको भौतिक अवस्था तथा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्तावेजहरुले प्रत्याभूत गरेको कैदी तथा थुनुवाहरुको अधिकारहरुको व्यवहारिक कार्यान्वयनको अवस्थालाइ प्रतिवेदन मार्फत उजागर गरिएको छ । हिरासत तथा कारागारमा रहेका समस्या र सुधारका सम्बन्धमा प्रस्तुत गरिएका सुझावहरुले सम्बन्धित सरोकारवाला निकायहरुलाई आगामी नीति र कार्यक्रम निर्धारण गर्न सहयोग पुगी कैदी बन्दीको  अवस्थामा सुधार आउने अपेक्षा लिइएको छ ।

Office of the Attorney General, Nepal

## अनुसूची-१

## माननीय महान्यायाधिवक्ता अग्नि प्रसाद खरेलज्यू समेतबाट गरिएकोकारागार कार्यालय जगन्नाथदेवल ,काठमाडौंको अनुगमन सम्बन्धी प्रतिवेदन ,२०७५

### १.पृष्ठभूमिः

नेपालको संविधानको भाग १२ ,धारा १५८ मा रहेको महान्यायाधिवक्ताको काम ,कर्तव्य र अधिकार अन्तर्गत उपधारा) ६ (को खण्ड) ग (मा हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुर परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिनसक्ने तथा सरकारी वकील सम्बन्धी नियमावली ,२०५५ को नियम १०) छ) (१ (बमोजिम कारागारमा रहेका कैदीको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्ने अधिकार महान्यायाधिवक्तामा निहित रहेको छ ।माननीय महान्यायाधिवक्ताज्यू आफै तथा आफूमा निहित अधिकार मातहतका अधिकारीहरुलाई प्रत्यायोजन गरी नायव महान्यायाधिवक्ता तथा सहन्यायाधिवक्ताहरुबाट कारागार तथा हिरासत अनुगमन गर्ने गरिएको छ ।

कारागार अनुगमनलाई उच्च प्राथमिकता दिई माननीय महान्यायाधिवक्ताज्यूको नेतृत्वमा नायब महान्यायाधिवक्ता श्रीमान बद्रीप्रसाद गौतम ,सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना समेतको अनुगमन टोलीबाटमिति २०७५।०३।०९ मा कारागार कार्यालय ,जगन्नाथदेवल ,काठमाडौंको स्थलगत अनुगमन गरिएको थियो । अनुगमनको क्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य ,अन्य कर्मचारीहरु,पत्रकार लगायतको उपस्थिति थियो । अनुगमनको लागि कारागार कार्यालयका जेलर श्री गणेश प्रसाद भट्टराई लगायतका अधिकारीहरुसँग अन्तरक्रिया समेत गरिएको थियो ।कारागार कार्यालयको भौतिक अवस्था ,कैदी/थुनुवाहरु प्रति गरिएको व्यवहार ,सुधारका लागि गरिएको प्रयास लगायतका विषयहरुको सम्बन्धमा अनुगमन गरिएको थियो ।कारागारमा रहेका कैदी तथा थुनुवाहरुका व्यक्तिगत तथा साझा समस्याहरुमा छलफल गरी जानकारी तथा तथ्याङ्क संकलन गरिएको थियो । महान्यायाधिवक्ताको कार्यालयले तयार गरेको कारागार तथा हिरासत अनुगमन निर्देशिका, २०७० मा उल्लिखित सूचीअनुसार सूचना तथा तथ्याङ्क संकलन गरी यो प्रतिवेदन तयार गरिएको छ ।साथै निर्देशिकाको अनुसूची- ४ मा उल्लिखित ढाँचा बमोजिमको प्रतिवेदन यसैसाथ संलग्न गरिएको छ ।

### २.कारागारकार्यालयको भौतिक अवस्था

४४ रोपनी क्षेत्रफलमा बि.सं .१९७१) १०४ वर्ष पहिले (बनेको कारागार कार्यालय ,जगन्नाथदेवलको भवन जीर्ण अवस्थामा रहेकोतथा कुल क्षमता १२५० रहेकोमा अनुगमन गर्ने दिनमा २७४० कैदी/थुनुवाहरु रहेको देखियो । पुरुष थुनुवा/कैदीहरुको लागि केन्द्रीय कारागार र भद्र बन्दी गृह गरी

Office of the Attorney General, Nepal

२ वटा ब्लक रहेकोमा केन्द्रीय कारागारको क्षमता ७५० मा क्षमता भन्दा दोब्बरभन्दा पनि बढी १६४५ जना रहेका तथा भद्र बन्दी गृहको क्षमता ३५० मा ७७० जना राखिएको पाइयो। त्यस्तै महिला थुनुवा/बन्दीहरु १५० क्षमताको १ वटा ब्लकमा ३२५ जना रहेको तथा ३ जना आश्रित बालबालिका पनि कारागार भित्र रहेको अनुगमनको क्रममा देखियो ।

कारागारमा महिला तथा पुरुषका लागि अलग-अलग शौचालयहरु रहेको ,खाना पकाउन तथा पिउनको लागि ट्याङ्कर/केयुकेएल को पानी प्रयोग गरिएको पाईयो ।सुत्नको लागि खाटको व्यवस्था नभए पनि म्याट्रेस रहेको ,कारागार कार्यालय भित्रनै विद्यालय रहेको ,पुस्तकालय ,खेलकुद मैदान समेत रहेको , करिव १५० जनाले कारखानामा काम गर्ने गरेको ,पोते ,मुडा ,टोपी बनाउने काममा कैदी/थुनुवाहरु संलग्न रहेको पाइयो ।

**३. कारागारहरुमा आफन्त तथा कानुन व्यवसायीसँग भेटघाटको प्रवन्धः**

कारागार कार्यालयमा थुनुवा तथा बन्दीलाई भेट्न आउने समय र दिन निर्धारण गरेको देखिन्छ । हप्तामा २ दिन नियमित रुपमा तथा आवश्यक परेमा अन्य समयमा पनि भेटघाटको व्यवस्था रहेको देखियो। भेटघाट गर्न आउने आफन्त तथा परिवारहरुको विवरण भेटघाट पुस्तिकामा राख्ने गरेको देखियो । कानून व्यवसायीलाई तोकिएको समयमा भेटघाट गर्न दिने गरेको जानकारी पाइयो।त्यस्तै जिल्ला अदालतमा रहेका वैतनिक वकील पनि समय-समयमा कारागारमा आउने गरेको भन्ने जानकारी प्राप्त भयो ।कैदी बन्दीको संख्या अत्यधिक भएको कारण भेट्न आउने सबैलाई भेटघाटको प्रबन्ध मिलाउन कठिनाई भएको कारागार कार्यालयका प्रमुखबाट जानकारी गराइयो ।

**४ .थुनुवा तथा बन्दीको लागि खेलकुद, मनोरञ्जन र पुस्तकालयको व्यवस्थाः**

कारागारहरुमा रहेका कैदी तथा थुनुवाहरुका लागि केही मात्रामापढ्ने पुस्तकहरु राखी पुस्तकालयको व्यवस्थापन गरेको भएता पनि कानून लगायत नयाँ पुस्तकहरु नरहेको हुँदा नयाँ पुस्तकहरुको माग भएको छ ।कारागार कार्यालय जगन्नाथदेवलमा पुस्तकालय व्यवस्थित रहेको ,३ जना

Librerianरहेकोमा Card System प्रयोग गरी पुस्तकहरु वितरण गर्ने गरिएको पाइयो । बास्केटबल , भलीबल ,क्यारामबोर्ड र लुडो खेल्ने स्थान र सामाग्रीको व्यवस्थापन गरेको पाइयो । आवश्यकता अनुसार सीपमूलक तालिम समेत सञ्चालन गरेको पाइयो ।

**५. सिधा, राशनको अवस्था**

प्राय सबै कैदी तथा थुनुवाहरुले दैनिक खर्च रकम रु. ४५।- पाउने व्यवस्था रहेकोमा सो रकम ज्यादै कम रहेको भन्ने गुनासो रहेको ,नियमानुसारको सिधा खर्च बाड्ने गरेको पाइयो । दिनमा २ पटक खाना



Office of the Attorney General, Nepal

खाने गरेको ,धेरै जसो खाना मेशमा बनाउने गरेको पाइयो ।अनुगमनको क्रममा कारागार कार्यालय भित्र सञ्चालित किराना पसलमा रहेको मूल्यसूचीमा अंकितचाउचाउको मूल्य र बन्दी/थुनुवाहरुले किन्ने मूल्य )मूल्यसूचीको मुल्य रु .१८ किन्ने मूल्य  रु .२० (मा अन्तर देखियो ।यस्तै महिला बन्दी गृह तर्फ रु . २५ सम्म लिने गरेको जानकारी गराईयो ।

**६. स्वास्थ जाँचको व्यवस्था**

यस कारागार कार्यालयमा स्वास्थ जाँचका लागि केन्द्रीय कारागार अस्पताल रहेको र उक्त अस्पतालमा ११ औं तहको १ जना डाक्टर र अन्य डाक्टरहरु समेत गरीहाल १८ जना स्वास्थ्यकर्मीहरुको दरवन्दी रहेको ,थप दरवन्दी स्वीकृतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको जानकारी प्राप्त भयो । दिनमा सरदर ९/१० जना विरामीहरु अस्पतालमा आउने गरेको देखियो । कारागारमा क्यान्सर ,दृष्टिविहिन ,सामान्य मानसिक रोगी समेत रहेको अनुगमनको क्रममा देखियो र सामान्य विरामीहरुलाई कारागारमै छुट्टै व्यवस्थापन गरिएको थयो । कारागार भित्रै अस्पताल रहेको हुँदा विरामीहरुको सामान्य उपचार गर्न खासै समस्या हुने गरेको देखिएन ।

**७ .अनुगमनका क्रममा कैदी/थुनुवाहरुले उठाएका विषयवस्तुहरु**

माननीय महान्यायाधिवक्ताज्यूबाट अनुमति भए बमोजिम कारागार कार्यालयमा महिला तथा पुरुष बन्दी/थुनुवाहरुसँग छुट्टा छुट्टै छलफल गरिएको थियो ।छलफलमा बन्दी/थुनुवाहरुको तर्फबाट **रविन चालिसे ,माधव वाग्ले ,जिमी लामा ,विर बहादुर तामाङ ,तुलसा रिमाल ,अफ्रिकी नागरिक ProsumbaAasumba**लगायतले देहाय बमोजिम सुझाव एवम् जिज्ञासा राखेका थिए ।

- ✓ मुद्दा मामिलाको **प्रक्रियामा ढिलाई** हुने गरेको छ । फैसलाको जानकारी समयमा आउदैन। मुद्दाको अन्तिम किनारा लागे नलागेको जानकारी महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट समयमा हुने गरेको छैन । मुद्दाको पेशी ढिलो चढ्ने) १ वर्ष सम्म पनि नचढेको (गरेको तथा पेसी राखे वापत समेत गैर कानुनी रकम बुझाउनु पर्ने अवस्था छ।
- ✓ कैदी तथा थुनुवाहरुलाई दिने गरेको दैनिक खर्च रकम **रु. ४५।- र ७००** ग्राम चामल ज्यादै कम रहेको अवस्था छ । साथै कारागार कार्यालयको भौतिक पूर्वाधारमा राज्यले विशेष ध्यान दिनु पर्नेजरुरी छ ।
- ✓ सह अभियुक्तहरुले पोल नगरेको अवस्थामा पनि **Media**को कारण निर्दोश व्यक्ति समेत फस्ने गरेको अवस्था छ। Media ले सूचना प्रवाह गर्दा विशेष ध्यान पुर्‍याउनु जरुरी छ ।
- ✓ आफन्तहरुसँगको भेटघाटमा **विभेद** हुने गरेको छ । यसको कारण कानून बमोजिम प्राप्त हुने भेटघाटको सुविधाबाट समेत बन्चित हुनुपर्ने अवस्था सिर्जना भएको छ। भेटघाटको निहुमा प्रहरीहरुले कैदी/थुनुवाहरुको परिवारलाई अनावश्यक सम्पर्क गर्ने समेत गरेको अवस्था छ।

Office of the Attorney General, Nepal

- ✓ आफ्नो गृह जिल्लाबाट टाढा रहेको हुँदा भेटघाटमा समस्या हुने गरेको छ) केही महिला कैदी/बन्दीहरुले सरुवाको लागि माग समेत गरेको(
- ✓ राज्यबाट प्रदान गरिने **माफी/मिनाहाको सिफारिसमा स्पष्टता** नभएको कारण समस्या भएको छ। कारागार कार्यालयले सिफारिसको लागि पठाउदा निष्पक्ष रुपमाकानून बमोजिम पठाउनु पर्दछ ।
- ✓ विदेशीहरुको हकमा आफन्तहरुले भेटघाट गर्न समस्या हुने गरेको छ । विदेशबाट भेटघाटको लागि पटक-पटक टिकट लिई आउदा Cost बढी लाग्ने तथा **भेटघाटको समयावधि** हप्तामा २ पटक मात्र रहेकोले यसमा पुनरावलोकन गर्न आवश्यक छ।
- ✓ कारागारमा सबै प्रकारका विरामीहरुलाई एउटै कक्षमा राख्ने व्यवस्था रहेको छ । विरामीको प्रकृति अनुसार **छुट्टै राख्ने व्यवस्था** हुनुपर्छ।
- ✓ फैसला समयमा तयार हुने नगरेको तथा कैद हद पूर्जि समयमा पाउन सकिएको छैन ।

**८ .माननीय महान्यायाधिवक्ताज्यूबाट भएको सम्बोधन तथा निर्देशनः**

माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूले कारागार कार्यालयमा भएको छलफल, अन्तरक्रिया तथा अवलोकन पश्चात देहाय बमोजिम सम्बोधन तथा निर्देशन दिनु भएको थियो।

- ✓ संवैधानिक व्यवस्था बमोजिम कैदी/थुनुवाहरुलाई मानवोचित व्यवहार भए/नभएको सम्बन्धमा अनुगमन गरिएको छ ।अनुगमनको क्रममा देखिएका समस्याहरुमा क्रमश सुधार गर्न निरन्तर प्रयास जारी रहने छ ।
- ✓ मुद्दा मामिलाको प्रक्रिया/अन्तिम किनारा लागे नलागेको सम्बन्धमा कैदी/थुनुवाहरुबाट आउने निवेदनहरुको कारवाही गर्ने जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत मुद्दा व्यवस्थापन विभागबाट हुने गरेको छ। यस्ता विषयमा छिटो सम्बोधन गर्नको लागि विशेष व्यवस्था गरिने छ ।
- ✓ आगामी भदौ १ गते देखि नेपालका केही स्थानहरुमा खुला कारागारको स्थापना गरी मुद्दाको गाम्भिर्यताको आधारमा कैदी/थुनुवाहरु रहने व्यवस्था हुनेछ।
- ✓ कैदी तथा थुनुवाहरुलाई दिने गरेको सिधाको सम्बन्धमा राज्यबाट सम्बोधन भैसकेको अवस्था छ। आगामी साउन १ गते देखि दैनिक रु.६०।- आश्रित बालबालिकाको दुधको लागि रु .३५ हुनेगरी बजेट मार्फत सम्बोधन भैसकेको छ ।
- ✓ कतिपय कैदीहरुले आ-आफ्नो पायक पर्ने जिल्लामा स्थानान्तरण/सरुवा हुन चाहेकोले सोकोलागि कारागार व्यवस्थापन विभागसँग समन्वय गरी तत्कालै कारवाही अगाडि बढाउन जेलरलाई निर्देशन दिनुभयो ।

Office of the Attorney General, Nepal

- ✓ कैदीहरुको माफी/मिनाहाको सम्बन्धमा भएको मापदण्ड तथा कैदी/थुनुवामा भएको सुधार लगायतका विषयहरुमा आवश्यकतानुसार थप सुधारको लागि सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ ।
- ✓ कारागार कार्यालयलाई सुधार गृहको रुपमा थप व्यवस्थित गर्न भौतिक पूर्वाधारलाई व्यवस्थित गर्न तथा बन्दीहरुको कम्तिमा पनि जीवन यापनको लागि न्युनतम रुपमा आवश्यक पर्ने सीपको प्रत्याभूतिको लागि आवश्यक पहल गरिनेछ ।
- ✓ कैदी/थुनुवाका परिवारहरु भेट्न आएपछि निजहरुलाई पछि फोन सम्पर्क गर्ने प्रहरी कर्मचारीहरुका विषयमा छानविन गरी आवश्यक कारवाही अगाडि बढाउने र अब आउँदा दिनहरुमा यस्ता यस्ता कार्य हुन नदिन निर्देशन दिनुभयो ।
- ✓ समय व्यवस्थापन गरी सकेसम्म सबैलाई भेटघाट गर्न दिने व्यवस्था मिलाउन तथा टेलिफोनबाट थुनुवा/कैदीहरुले सम्पर्क गर्दा कैदी/बन्दीको संख्या बढी भएको कारण सम्पर्क गर्नमा कठिनाई भएको सन्दर्भमा फोनको लाइन र स्थान बढाउन आवश्यक पहल गर्न कारागार प्रशासनलाई निर्देशन दिनुभयो ।

**निष्कर्षः**

महान्यायाधिवक्ताको कार्यालय कार्यालयबाट समय समयमा गरिने अनुगमनबाट कारागारमा रहेका थुनुवा/कैदीहरुको मानव अधिकारको संरक्षणमा केहि हदसम्म सहयोग पुगेको छ ।हालका पछिल्ला दिनहरुमा कारागारको भौतिक अवस्था ,थुनुवा/कैदीहरुको लागि आवश्यक पर्ने न्यूनतम सुविधा,थुनुवा/कैदीहरुको मानसिकता लगायतका विषयमा सुधार भएको देखिन्छ ।अझैपनि कारागार कार्यालयहरुमा विविध समस्याहरु विद्यमान छन । थुनुवा/कैदीहरुका अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेज ,राष्ट्रिय कानूनी व्यवस्था ,सर्वोच्च अदालतबाट समय समयमा भएका निर्णय बमोजिम थुनुवा/कैदीहरुका अधिकारको प्रत्याभूति हुनु जरुरी देखिन्छ । निरन्तरको अनुगमन तथा अन्य प्रयासबाट कारागार कार्यालयहरुलाई सुधार गृहको रुपमा स्थापना गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा न्यायिक समाजको निर्माण गर्नमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

Office of the Attorney General, Nepal

## अनुसुची ४

## )दफा ३५ संग सम्बन्धित(

## कारागार अनुगमन प्रतिवेदन

## कारागार कार्यालय ,जगन्नाथदेवल ,काठमाडौं

जिल्ला :-**काठमाडौं** कारागारको नाम :-**कारागार कार्यालय ,जगन्नाथदेवल,**
कारागारमा रहेकाः-२७४०थुनुवा पुरुष संख्याः**१०७७** पुरुष कैदी संख्याः१३३८नावालक संख्याः **आश्रित ३ जना**थुनुवा महिला संख्याः **१८६** कैदी महिला संख्याः१३९

**<u>अनुगमन गर्ने अधिकारी</u>**

माननीय महान्यायाधिवक्ता श्रीमान अग्निप्रसाद खरेल ,नायब महान्यायाधिवक्ता श्रीमान बद्रीप्रसाद गौतम र सहन्यायाधिवक्ता श्री गिताप्रसाद तिम्सिना

सहयोगीः- शाखा अधिकृत द्वय सविता शर्मा र गंगा न्यौपाने
महान्यायाधिवक्ताको कार्यालय

अनुगमन मिति :- २०७५/०३/०९

### (१) कारागारको भौतिक अवस्था :

| कोठा संख्या र आकार | घाम हावाको प्रवेश/पर्याप्त झ्याल | छतको अवस्था | पुरुष/महिलाको कक्ष अलग | थुनुवा/कैदी संख्या | बालवालिका भए नभएका | चर्पी र नुहाउने कक्ष | सरसफाई रंग रोगन | सुरक्षाको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| **पु .२ वटा ब्लक म .१ वटा ब्लक कुनै बर्गाकार** | **मसिना झ्याल छन। पर्याप्त छैन** | **पानी नचुहिने** | **अलग छ** | **२७४०** | **३ जना आश्रित** | **रहेको** | **सामान्य** | **सन्तोषजनक रहेको** |

### २ .खाना, सिधा तथा आरामको व्यवस्था

| सिधा सम्वन्धी विवरण | खानाको पटक | पानीको व्यवस्था | खाना/पानीको स्तर | सुत्केरी भए थप सुविधा | भान्सा कक्ष | अलग/अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, विस्तारा, झुल |
|---|---|---|---|---|---|---|---|---|
| **सरकारी** | **२ पटक** | **रहेको** | **स्वस्थकर** | **दिने गरेको** | **रहेको** | **स्थान** | **नरहेको** | **बिस्तरा** |



Office of the Attorney General, Nepal

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नियमानुसारको ७०० ग्राम चामल र ४५ रुपैया | | | | | | रहेको | | रहेको |

### ३ .स्वास्थ्य जाँच र औषधोपचार

| जांच गर्ने स्वास्थ्यकर्मीको व्यवस्था | जांच तथा उपचार कक्ष | स्वास्थ्यकर्मीको दरबन्दी विवरण | औषधीको उपलब्धता | विरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुना पूर्व र मुक्त हुंदा स्वास्थ्य जांच |
|---|---|---|---|---|---|---|
| रहेको | केन्द्रीय कारागार अस्पताल रहेको | हाल १८ जनाको दरबन्दी रहेको | हुने गरेको | सुधारोन्मुखरहेको | मिलाउने गरेको | थुना पुर्व जाच हुने मुक्त हुदा पनि गर्ने नगरेको |

### ४ .पुस्तकालय तथा मनोरञ्जन

| पत्रपत्रिकाको उलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्यायामशाला/ खेलकूद मैदान | शिपमूलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | संचार सम्पर्क | थप शिक्षाको अवसर |
|---|---|---|---|---|---|---|---|
| रहेको | रहेको | रहेको | बास्केटबल ,लुडो खेल्ने स्थान रहेको तर अपर्याप्त | आवश्यकतानुसार रहेको | पर्याप्त नरहेको | हुने गरेको | रहेको |

### ५ .भेटघाटको प्रवन्ध

| भेटघाट कक्ष | हेल्प डेस्क | आफन्त संग भेटघाट | कानून व्यवसायीसंग | समय र सिमा | आफन्तलाई खवर दिने | भेटघाटको अभिलेखिकरण | विदेशीलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| स्थान रहेको | रहेको | हुने गरेको | वैतनिक वकील समय समयमा आउने गरेको , अन्यसँग चाहेमा | हप्तामा २ दिन नियमित, अन्य | आवश्यक परेमा गरेको | सामान्य गर्ने गरिएको | आवश्यकतानुसार हुने गरेको | आबस्यकभए हुने गरेको |

Office of the Attorney General, Nepal

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | हुने गरेको | आवश्यक तानुसार | | | | |

**६.थुनुवा , कैदी सम्वन्धी कागजातको अवस्था**

| थुनुवा कैदी पूर्जि | हतकडीलगाउनेवा गोलघरमा राख्ने गरे नगरेको | हदको अभिलेख | हद भन्दा वढी रहे नरहेको | पूर्व निर्देशनको पालना | गैर जिम्मेवार उपर कारवाही |
|---|---|---|---|---|---|
| दिने गरेको | कारवाही स्वरुप छैन ,सुरक्षाको दृष्टिले गोलघरमा राखेको | छ | नरहेको | पालना गर्ने गरेको | गैर जिम्वेवार काम नभएको |

**७ .नावालकको हेरचाह तथा सामाजिक संस्कारको प्रवन्ध**

| नावालक रहे नरहेको | अनाथ भए हेरचाह | कैदी,थुनुवाको मृत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मृत्युको जानकारी | कैदीआफुले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट व्यवहार भए नभएको |
|---|---|---|---|---|---|---|
| आश्रित ३ जना रहेको | हुने गरेको | परिवारजनले लास बुझी गर्ने गरेको | व्यवस्था रहेको | गराउने गरेको | कारागार भित्र गर्न दिइन्छ | भएको |

**८ .फरक किसिमले सक्षम व्यक्तिहरुको अभिलेख**

| कैद/थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम | लिङ्ग र संख्या | अपाङ्ग मैत्री कक्षको व्यवस्था भए नभएको | अपाङ्ग मैत्री शिक्षा तथा मनोरञ्जनको व्यवस्था | विषेश सहुलियत केही प्रदान गरिएको भए खुलाउने |
|---|---|---|---|---|
| १ दृष्टि विहिन ,मानसिक रोगी समेत | - | नभएको | छैन | छैन |

Office of the Attorney General, Nepal

Office of the Attorney General, Nepal

# अननुसूची -२

## २०७५।०३।२१ मा भएको छलफलका सहभागीहरुको नामावली

### महान्यायाधिवक्ताको कार्यालयबाट छलफलमा सहभागी हुनुभएका सरकारी वकीलहरु

| सि. नं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री अग्निप्रसाद खरेल | महान्यायाधिक्ता |
| २ | श्री बद्रीप्रसाद गौतम | नायव महान्यायाधिवक्ता |
| ३ | श्री खगराज पौडेल | नायव महान्यायाधिवक्ता |
| ४ | श्री किरण पौडेल | नायव महान्यायाधिवक्ता |
| ५ | श्री गणेशबाबु अर्याल | नायव महान्यायाधिवक्ता |
| ६ | श्री पद्मप्रसाद पाण्डे | सहन्यायाधिवक्ता |
| ७ | श्री नारायण प्रसाद पौडेल | सहन्यायाधिवक्ता |
| ८ | श्री विश्वराज कोईराला | सहन्यायाधिवक्ता |
| ९ | श्री श्यामकुमार भट्टराई | सहन्यायाधिवक्ता |
| १० | श्री रेवतीराज त्रिपाठी | सहन्यायाधिवक्ता |
| ११ | श्री गोपाल प्रसाद रिजाल | सहन्यायाधिवक्ता |
| १२ | श्री गिताप्रसाद तिम्सिना | सहन्यायाधिवक्ता |
| १३ | श्री संजीवराज रेग्मी | सहन्यायाधिवक्ता |
| १४ | श्री खेमराज ज्ञवाली | सहन्यायाधिवक्ता |
| १५ | श्री रमादेवी पराजुली | सहन्यायाधिवक्ता |
| १६ | श्री उद्धवप्रसाद पुडासैनी | सहन्यायाधिवक्ता |
| १७ | श्री गंगाप्रसाद पौडेल | उपन्यायाधिवक्ता |
| १८ | श्री नारायण बहादुर थापा | उपन्यायाधिवक्ता |
| १९ | श्री यदुनाथ शर्मा | उपन्यायाधिवक्ता |
| २० | श्री हरि शंकर ज्ञवाली | उपन्यायाधिवक्ता |
| २१ | श्री प्रकाश कोईराला | उपन्यायाधिवक्ता |

Office of the Attorney General, Nepal

| | | |
|---|---|---|
| २२ | श्री केशवप्रसाद पन्त | उपन्यायाधिवक्ता |
| २३ | श्री नारायण रिमाल | उपन्यायाधिवक्ता |
| २४ | श्री यामबहादुर बानिया | उपन्यायाधिवक्ता |
| २५ | श्री गोपाल लामिछाने | उपन्यायाधिवक्ता |
| २६ | श्री सोमकान्ता भण्डारी | उपन्यायाधिवक्ता |
| २७ | श्री लोकबहादुर कटुवाल | उपन्यायाधिवक्ता |
| २८ | श्री दशरथ पंगेनी | उपन्यायाधिवक्ता |
| २९ | श्री युवराज महत | उपन्यायाधिवक्ता |
| ३० | श्री जगत प्रसाद भट्ट | उपसचिव (लेखा) |
| ३१ | श्री भूमिनन्द खनाल | शाखा अधिकृत |
| ३२ | श्री निराजन पाण्डे | शाखा अधिकृत |
| ३३ | श्री श्रीराम खनाल | शाखा अधिकृत |
| ३४ | श्री बिन्दु धामी रावल | शाखा अधिकृत |
| ३५ | श्री सरिता कट्टेल | शाखा अधिकृत |

## सरोकारवाला निकायबाट छलफलमा सहभागी प्रतिनिधिहरु

| क.सं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री धनराज ज्ञवाली | सह सचिव | कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय |
| २ | श्री हरिप्रसाद मैनाली | महानिर्देशक | कारागार ब्यबस्था बिभाग |
| | श्री सूर्यप्रसाद उपाध्याय | बरिष्ठ प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| | श्री प्रकाश अधिकारी | बरिष्ठ प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| | श्री बिश्वराज पोखरेल | बरिष्ठ प्रहरी उपरीक्षक | काठमाडौं प्रहरी परिसर |
| | श्री वेदनिधि अधिकारी | उपसचिव | गृह मन्त्रालय |
| | श्री लोकहरी बस्याल | उपसचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| | श्री बशिष्ट कुमार घिमिरे | उपसचिव | गृह मन्त्रालय |
| | श्री चिरन्जिबि राना | उपसचिव | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
| | श्री गंगा बहादुर खरेल | उपसचिव | स्वास्थ तथा जनसंख्या मन्त्रालय |
| | श्री राजु प्रसाद पौडेल | निर्देशक | कारागार ब्यवस्था बिभाग |
| | श्री यज्ञ प्रसाद अधिकारी | निर्देशक | राष्ट्रिय मानव अधिकार आयोग |
| | श्री भिम ढकाल | प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| | श्री शेखर खनाल | प्रहरी उपरीक्षक | महानगरीय प्रहरी परिसर ललितपुर |
| | श्री रेवती रमण पोखरेल | प्रहरी नायव उपरीक्षक | महानगरीय प्रहरी परिसर भक्तपुर |

Office of the Attorney General, Nepal

| | | | |
|---|---|---|---|
| | श्री गणेश प्रसाद भट्टराई | जेलर | केन्द्रीय कारागार, जगन्नाथ देवल |
| | श्री दिलिप कुमार प्रधान | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| | श्री कमल प्रसाद पाण्डे | शाखा अधिकृत | नख्खु कारागार |
| | श्री सुनिता घिमिरे | शाखा अधिकृत | डिल्लिबजार कारागार |

Office of the Attorney General, Nepal

# अनुसुची-३
## महान्यायाधिवक्ताको कार्यालयबाट जारी निर्देशन

- हिरासतमा रहेका व्यक्तिलाई हिरासतमा रहँदा मानवोचित व्यवहार नगरेको अवस्थामा वा आफन्तसँग भेटघाट गर्न नदिएको अवस्थामा वा आफूले रोजेको कानून व्यावसायीसँग भेटघाट वा सरसल्लाह लिन नदिएमा पुनरावेदन सरकारी वकील कार्यालयमा उजुरी दिन सकिने व्यहोराको सूचना हिरासतमा रहेका व्यक्तिले देख्न सक्ने वा जानकारी पाउन सक्ने व्यवस्था गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने र सम्वन्धित जिल्ला स्थित बार एशोसिएशन र स्थानीय पत्रकार महासंघका पदाधिकारीलाई सोको जानकारी गराउने ।त्यस्तो सूचना प्रत्येक सरकारी वकील कार्यालयमा समेत टाँस गर्ने।
- माथि उल्लेख गरे बमोजिमको जानकारी दिंदा र सूचना प्रकाशन गर्दा हिरासतको अनुगमन सम्वन्धित सरकारी वकीलबाट हुने र महान्यायाधिवक्तालाई अनुरोध भै आएमा महान्यायाधिवक्ताबाट छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्वन्धित अधिकारीलाई आवश्यक निर्देशन दिइने व्यहोरा समेत समावेश गर्ने ।
- हिरासत वा थुनामा राख्ने कार्यालयले उजुरी वा सिकायत पेटिका राखे नराखेको अनुगमन गरी कुनै कार्यालयमा नराखेको पाईए राख्न लगाइ त्यसरी राखिएको सिकायत पेटिकामा हिरासतरथुनामा रहेका व्यक्तिहरुको पहुँच हुनसक्ने व्यवस्था गर्न निर्देशन दिने, सहन्यायाधिवक्ता रहेको जिल्लाको हकमा १५ दिनमा एकपटक सो पेटिका सम्बन्धित कार्यालयको रोहवरमा खोली आवश्यक कारवाही गर्ने र अन्य जिल्लाको हकमा जिल्ला न्यायाधिवक्ताले सम्बन्धित कार्यालयको रोहवरमा उजुरी पेटिका खोली त्यस्ता उजुरीरसिकायत आवश्यक कार्यार्थ सहन्यायाधिवक्ता समक्ष पठाउने व्यवस्था गर्ने ।
- कानून व्यावसायीको परिचयपत्रका आधारमा कारागार वा हिरासतमा रहेका व्यक्तिहरुलाई निजले रोजेको कानून व्यावसायीसँग प्रत्येक दिन कार्यालय समय भित्र भेटघाट गर्न दिने व्यवस्था मिलाउन र सो सम्वन्धी अभिलेख राख्ने व्यवस्था गर्न कारागार कार्यालयहरुलाई निर्देशन दिन कारागार व्यवस्थापन विभागमा लेखी पठाउने।
- थुनुवारवन्दीसँग कानून व्यावसायीले गरेको परामर्श वा दिएको सल्लाह गोप्य रहने, वकालतनामा लगायत थुनुवा वन्दीको तर्फबाट अदालतमा पेश गर्ने निवेदन समेत तयार गर्न सहज वातावरण बनाउनको लागि आवश्यक व्यवस्था गर्नु भनी कारागार व्यवस्थापन विभाग र प्रहरी प्रधान कार्यालयमा लेखी पठाउने ।
- हिरासतमा रहेका थुनुवाहरुलाई मानवोचित व्यवहार नभएको, कानून व्यावसायीसँग भेटघाट गर्न नदिएको भन्ने उजुरी पर्न आएमा सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले तत्काल सो को अनुगमन गरी आवश्यक निर्देशन दिने र सो को जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिने ।
- आफ्नो प्रादेशिक क्षेत्र भित्र रहेको कारागार वा हिरासत कक्षको सम्वन्धित पुनरावेदन सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताबाट थुनुवारबन्दीको स्थितिको सम्वन्धमा अनुगमन तथा निरीक्षण गरिदिएको निर्देशन सहितको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।
- कारागार वा हिरासत कक्ष निरीक्षण गर्दा स्थानीय वार एशोसियशन, स्थानीय प्रशासन र स्थानीय पत्रकार महासंघसँग समन्वय गरी सम्पन्न गर्ने ।

Office of the Attorney General, Nepal

- हिरासत अनुगमनको कार्य गर्दा महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित हिरासत अनुगमन निर्देशिका, २०७० ले निर्धारण गरेको विधि र प्रक्रिया पुरा गरी गर्नुपर्ने ।
- यस अघि भएको हिरासत तथा थुनाको अनुगमनमा दिईएका निर्देशन र सोको कार्यान्वयनको अवस्था समेत प्रतिवेदनमा खुलाउनु पर्ने ।

Office of the Attorney General, Nepal

# अनुसूची - ४

# कारागार तथा हिरासत अनुगमन सूचक

**क.हिरासत/कारागार कक्षको पूर्वाधार:**

१. हिरासत/कारागार कक्षको क्षमता :-
२. संख्या- पुरुष कक्ष-
महिला कक्ष-
बाल बालिका कक्ष -
तेश्रो लिङ्गीकोलागी छुट्टै कक्ष -
३. कक्षको आकार,:-
४ घाम, प्रकाश, हावा प्रवेशको अवस्था,:-
५. झ्यालहरुको अवस्था :-
६. सूरक्षाको अवस्था :-
७. पानी चुहिने नचुहिने / रंगरोगनको अवस्था:-
८. महिला कक्षको अवस्था :-
९. वालवालिका र वयस्क एउटै ठाँउमा छन्, छैननः-
१०.वालवालिका पनि राखिएका छन्, छैनन् :-
११. हिरासत/कारागारमा राखिएका व्यक्तिको संख्या अनुपातमा पाइखाना, पिसावखाना, नुहाउने, लुगा धुने स्थानः-
१२. पुरुष र महिलाको लागि अलग,अलग पाइखाना, पिसावखाना, नुहाउने स्थान छ छैनः-
**१३.** धार्मिक नित्यकर्म स्थान छ छैनः-
१४. सरसफाईको अवस्था के कस्तो रहेको छ:-
१५. भेटघाट कक्ष छुट्टै छ छैन लगायतका अत्यावश्यक पुर्वाधारका कुराहरु अवलोकन

**ख.खाना र सिधा**

१. हिरासत/कारागारमा रहेको व्यक्तिलाई खाना वापत सिधा खर्च उपलब्ध गराईएको छ, छैनः-
२. उपलब्ध गराएको भए तोकिए बमोजिमको खर्च उपलब्ध गराईएको छ छैनः-
३. दिनमा कति पटक के कस्तो खाना उपलब्ध गराईएको छ :-
४. पिउने पानी उपलब्ध गराईएको छ;,छैन :-
५. उपलब्ध खाना र पानीको स्तर :-
६. खाना खाने स्थान छुट्टै छ वा छैन, स्वास्थ्यको दृष्टिले सो स्थान उपयुक्त छ ,छैनः-
७. सिधा वापत प्राप्त सामग्री वा रकम पुरै खानामा प्रयोग नगरी रकम वाङ्ने गरेको छ छैन ?
८. सिधा लगायत कानून वमोजिम अन्य सुविधा उपलब्ध गराउन समय मै बजेट निकाशा भएको छ छैन, बजेट सम्वन्धी के कस्तो समस्या छ ?

**ग.स्वास्थ्य जाँच र औषधि उपचार:**

१. हिरासत/कारागारमा रहेको व्यक्तिलाई समय समयमा स्वास्थ्य जाँच गराउने प्रवन्ध छ छैनः-
२. बिरामी भएमा तत्काले स्वास्थ्य जाँच र औषधि उपचार सेवा उपलब्ध गराउने स्थान छ छैनः-
३. औषधिको सहज उपलव्धता, उपचार सेवा सहज उपलब्ध गराउने गरेको छ छैनः-
४. हिरासत/कारागारमा गंभिर प्रकृतिका रोगी जस्तै कुष्ठरोग, क्षयरोग, HIV , हेपाटाइटिस वी आदी छन् छैनन् , यस्ता विरामीलाई राख्न अलग अलग कक्षको व्यवस्था छ छैन, कसरी व्यवस्थापन गरिएको छ

**घ.अन्य सुविधा**

१. कसरतका लागि व्यायामशाला वा स्थानको व्यवस्था छ, छैनः-
२. पत्रपत्रिका टेलिफोन, रेडियो, टेलिभिजन जस्ता नियमित समाचार तथा संचार सेवा उपलब्ध गराउने गरेको छ, छैनः-
३ अध्ययन गर्न चाहनेका लागि आफ्नै खर्चमा पुस्तकहरु लाने व्यवस्था छ छैनः-
४. सि. सि क्यामराको व्यवस्था छ छैनः-

**ङ.सुत्ने स्थान:**

१. हिरातसत/कारागारमा राखिएका व्यक्तिलाई नियमित राख्ने र शयन कक्ष छुट्टै छ वा एउटै छ;:-
२ एउटै छ भने सुत्नको लागि पनि पर्याप्ते छ, छैन ।
३. सुत्नको लागि मौसम अनुकुलका लुगा, झुल, खाटहरुको प्रवन्ध छ छैन

Office of the Attorney General, Nepal

**च.भेटघाटको प्रवन्धः**

१. हिरासत/कारागारमा राखिएका व्यक्तिले भेटघाटका लागि छुट्टै कक्ष छ वा छैनः-
२. भेटघाट गर्न दिने गरेको छ वा छैनः-
३. के कति समयमा भेटघाट गर्न दिएको छ, :-
४. भेटघाट कक्ष भएको भए सुरक्षित छ वा छैनः-
५. भेटघाट गर्दा को को बस्ने प्रवन्ध मिलाईएको छ :-
६. भेटघाटका लागि हेल्प डेस्क छ छैन :-

**छ.हत्कडी लगाउने गरेको वा नगरेको**

१. हिरासत/कारागारमा राखिएको व्यक्तिलाई हिरासत कक्षमा हतकडी लगाउने गरेको छ छैन, :-
२. वाहिर जाँदा मात्र लगाउने गरेको छ वा भित्र पनि नियमित रुपमा लगाउने गरेको छ, छैनः-
३. कसैका हकमा भित्रै नियमित रुपमा लगाउने गरेको छ भने किन लगाउनु परेको रहेछ सो अवलोकन तथा जानकारी लिने ।

**ज.थुनुवापुर्जीः**

१. प्रचलित नेपाल कानूनबमोजिमको पकाउ पूर्जी र थुनुवा पूर्जी दिएको छ छैन ?

**झ.हिरासत पठाएपछि स्वास्थ्य जाँचः**

१. कुनै पनि व्यक्तिलाई हिरासत/कारागारमा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्ने व्यवस्था कार्यान्वयन भएको छ छैन ?
२. शारीरिक जाँच पश्चात् उपचार गराउनुपर्ने देखिएकोमा उपचार भएको छ छैनः-

**ञ.कानून व्यवसायीसँगको भेटघाट**

१. हिरासत/कारागारमा रहेका व्यक्तिले कानून व्यवसायीसँग भेटघाट गर्न र परामर्श गर्न सक्ने समय निर्धारण गरेको छ छैन ?

२. कानून व्यवसायीसँग भेटघाट गर्न चाहेमा त्यस्तो भेटघाटको अवसर उपलब्ध गराउने व्यवस्था छ छैन ?

३. हिरासत/कारागारमा रहेका व्यक्तिले भेटघाट वा परामर्श गरेको कानून व्यवसायीको नाम, ठेगाना र प्रमाणपत्र नम्बर उल्लेख गरी हिरासत/कारागारमा राख्ने निकायले अभिलेख राख्ने व्यवस्था गरेको छ छैन ?

४. स्थानीय स्तरमा निशुल्क कानूनी सहायता उपलब्ध गराउने संस्था वा कानून व्यवसायी भएमा सोको लगत सम्बन्धित अधिकारीले राख्ने र कुनै हिरासत/कारागारमा रहेका व्यक्तिले कानून व्यवसायी नियुक्त गर्न नसक्ने भएमा त्यस्तो सेवा उपलब्ध गराउने संस्था वा कानून व्यवसायी मार्फत आवश्यक सहायता उपलब्ध गराइदिन अनुरोध गरिदिने व्यवस्था छ छैन ?

५. पक्राउमा परेको व्यक्तिले कानून व्यवसायीसँग भेट गर्दा भाषा नबुझ्ने भई दोभाषेको माग गरेमा सम्भव भएसम्म उपलब्ध गराई दिने व्यवस्था छ छैन,:-

**ट.आफन्तसँग भेटघाट**

१. हिरासत/कारागारमा रहेको व्यक्तिको नजिकको आफन्त/परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोन नम्बर समेतको अभिलेख कारागरमा राख्ने कार्यालयले राख्ने व्यवस्था गरेको छ छैन ? :-
२. प्रत्येक हिरासत/कारागार केन्द्रमा सहयोग कक्ष (Help Desk) को व्यवस्था गरी त्यस्तो सहयोग कक्षले कारागरमारहेका व्यक्तिको आफन्त तथा आगन्तुकलाई आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था मिलाएको छ छैन
३. हिरासत/कारागारमा रहेका व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराइदिने व्यवस्था छ, छैन ?
४. कुनै विदेशी नागरिक हिरासत/कारागारमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सोको अवसर उपलव्ध गराउने व्यवस्था छ छैन ? :-
५. भेटघाटको लागि छुट्टै कक्ष वा कोठाको व्यवस्था छ छैन ?:-
६. भेटघाटको लागि निश्चित समय निर्धारण गरिएको छ छैन ?:-



Office of the Attorney General, Nepal

७. भेटघाट गरेको व्यक्ति, भेटघाट गरेको मिति र समयसहितको आवश्यक वितरण आगन्तुक पुस्तिकामा अभिलेख राख्ने व्यवस्था छ छैन ? :-
८. हिरासत⁄कारागारमा रहेका व्यक्तिले आफन्तसँग भेट गर्न चाहेको निजको नजिकको नातेदारलाई खबर गर्ने व्यवस्था छ छैन ? :-
९. हिरासत⁄कारागारमा रहेका व्यक्तिलाई सामान्यतया हप्ताको २ पटकसम्म आफन्तसँग भेटघाट गर्न दिने व्यवस्था छ छैन
१० पारिवारीक मिलन वा प्रजनन अधिकार उपयोगको लागि छुट्टै उपयुक्त गोप्यकक्ष को व्यवस्था छ छैन ? छ भने यसको व्यवस्थापन कसरी गरिएको छ ?

**ठ.हिरासत⁄कारागारमा नावालकको हेरचाह**

१. हिरासत⁄कारागारमा परेकी महिलाको हिरासत भित्र छोरा छोरी जन्मेको छ छैन ? :-
२. दूई बर्ष नपुगेको नावालक छोरा छोरी भए निजको पालन पोषणको अवस्था आमाले गरेको छ वा वाहिर वारेसकहाँ छ ? :-
३. नावालकको हेरबिचार गर्ने कोही नभएमा त्यस्तो नावालकको हेरबिचार शिक्षा दिक्षा र लालन पालनको व्यवस्था के कस्तो रहेको छ ?:-
४. आश्रित नावालकको लागि खेल्ने पर्याप्त स्थान र अवसर छ छैन ?

**ण. हिरासतमा रहेको व्यक्तिको मृत्यू भएमा**

१. हिरासतमा मृत्यु भएको छ छैन ?:-
२. मृत्यु भएकोमा सरकारी चिकित्सकबाट शवपरिक्षण गराएको छ छैन, मुचुल्का खडा भएको छ छैन ?
३. थुनुवा वा कैदीमा पठाउने निकायलाई जानकारी दिइयो, दिइएन ?
४. मृतकको सम्पत्ति हकवालालाई दिइयो वा आम्दानीमा वाधिएको वा के गरियो ?

**त. म्याद भन्दा बढी हिरासतमा राख्न नहुने वारे**

१. म्याद तोकिई थुना मा रहेका थुनुवालाई म्याद पुगेपछि र अधिकार प्राप्त अधिकारीबाट छोडने आदेश भएपछि छाडिएको छ वा छैन ?:-
२. हेलचक्रयाईपूर्वक सो भन्दा बढी थुनिएकोमा कसैलाई बिभागीय कारवाही भयो भएन ? थुनिएको छैन ?
३. पुनरावेदन अदालतका मूख्य न्यायाधिश वा न्यायाधिशले निरीक्षण गरी निर्देशन दिएकोमा सोको पालना भयो भएन ?:-

**थ. फरक किसिमले सक्षम व्यक्तिहरुको अभिलेख**

१ कैद वा थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम :
२ लिङ्ग र संख्या :
३ अपाङ्ग मैत्री कक्षको व्यवस्था भए नभएको :
४ अपाङ्ग मैत्री शिक्षा तथा मनोरञ्जनको व्यवस्था :
५ विषेश सहुलियत केहि प्रदान गरिएको भए खुलाउने :

**द.बालवालिका सम्वन्धितअन्य केहि भए :**

१. .......
२. ........

Office of the Attorney General, Nepal